वार्षिक नगर विकास योजना

आ. व. २०७७/०७८ को लागि

नगर सभाबाट पारित नीति, कार्यक्रम, योजना तथा बजेट



बूढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हात्तिगौंडा, काठमाण्डौ, बागमती प्रदेश, नेपाल

फोनः ०१-४३७२७२५

ईमेलः budhanilkanthamun@gmail.com

वेब साईटः budhanilkanthamun.gov.np

बूढानीलकण्ठ नगरपालिका
वार्षिक नगर विकास योजना

आ. व. २०७७/०७८ को लागि
नगर सभाबाट पारित नीति, कार्यक्रम, योजना तथा बजेट

कम्प्युटर: आनन्द राज शाक्य, anandeye@gmail.com
अर्जुन ढुङ्गेल, dhungelarjun@yahoo.com
मुद्रक: मनकामना ईन्टरप्राईजेज इम्पेक्स, काठमाडौं, ९८५११०२९६७

मन्तव्य



तीन तहको सरकारको संवैधानिक व्यवस्था पछि स्थानीय तहको प्रथम निर्वाचन भएको ३ वर्ष पुरा भएको छ ।गत वर्षको वार्षिक आर्थिक योजना विवरण प्रकाशित गर्दा भर्खर कर्मचारी समायोजन भएको अवस्था थियो । आ.व २०७६।७७ विशेष भौतिक निर्माण वर्षको रुपमा अघि बढ्ने र योजना कार्यान्वयनमा थप प्रगति हुने अपेक्षा अनुसार कार्य गर्न खोजिएतापनि चैत्रको सुरुवातमा कोभिड-१९ को प्रभावले आशा गरे अनुरुप प्रगति गर्न सम्भव हुन सकेन । तर पनि ५०-६० प्रतिशतसम्म मात्र कार्यान्वयन भएको छ । कोभिड-१९ को संक्रमणकै विचमा नै FastTrack (छोटो) बिधिबाट बजेट निर्माण पारित गरी आ.व २०७७।७८ को वार्षिक नगर विकास योजना पुस्तक तयार गरिएको छ ।

असार १० भित्र नीति कार्यक्रम प्रस्तुत गरी मसान्तसम्म कार्यक्रम बजेट पारित गर्ने व्यवस्था अनुसार असार मसान्त पछि बाँकी वक्यौता योजना कार्यक्रम र बजेट समेत मिलान गरी पुस्तक तयार गर्दा गर्दै केही समय लागेकोले श्रावण भित्र पुस्तक तयार गरी प्रकाशित गर्ने योजना अनुसार नै कार्य भएको छ ।

यस आ.व मा नगरपालिकाको वार्षिक नीति र कार्यक्रमलाई केही छोटकरी रुपमा समावेश गरी सोही अनुसार योजना कार्यक्रम र बजेटको व्यवस्था गरिएको छ । Covid-19 को प्रभाव र संक्रमण विरुद्ध गत आ.व देखि यस आ.व. मा समेत सक्रिय रहनुपर्ने र योजना कार्यान्वयनमा हुन सक्ने वाधा व्यवधानलाई समेत ध्यानमा राखी योजना र बजेट तयार गरिएको छ । नगरको लक्ष्य अनुसार योजना र बजेट कार्यान्वयन गर्न आवश्यक संयन्त्र लाई दक्ष चुस्त र प्रभावकारी बनाउने कार्य चुनौती पूर्ण भएपनि Covid-19 को संक्रमणले कार्यान्वयनमा समस्या आएन भने लक्ष्य अनुसार प्रगति हुने आशा गरिएको छ ।समस्या, आवश्यकता अपेक्षा धेरै छन् । साधन स्रोत र कार्यान्वयन क्षमता वृद्धि गर्नु चुनौतीपूर्ण छ । तर पनि जनप्रतिनिधि, विद्यमान कर्मचारीको संयन्त्र र आम नगरवासीको सहयोग र साथवाट यो वर्ष लक्ष्य अनुसार प्रगति गर्नै पर्ने दायित्व साथ क्रियाशील हुन सबैलाई अनुरोध गर्दछु । यस नगरपालिकाको लागि संघ रप्रदेश तहका विभिन्न क्षेत्रहरुबाट प्राप्त बजेट अनुदान र सहयोग साथै नगरको स्रोतबाट हुने सम्पूर्ण कार्यक्रम सफलता पूर्वक तोकिएकै तालिका अनुसार सम्पन्न गर्न सवैको साथ सहयोग हुने अपेक्षा गर्दछु ।

पुस्तक निर्माण गर्दा वार्षिक नीति कार्यक्रम अनुसार योजना छनौट प्राथमिकीकरणको आधारमा रकम विनियोजन गर्ने कोसिस गरिएको छ । गत वर्ष प्राथमिकतामा परेर पनि कार्यान्वयन हुन नपाएका मुख्य योजनाहरु यस वर्ष पनि कायम गरिएको छ ।यस आ.वको सुरुमै हाम्रो नगरको पाँच वर्षीय प्रथम आवधिक योजनाको (२०७७/०७८-८१/८२) को आधारपत्र तयार भै पुस्तकको रुपमा तयार भैसकेकोले त्यसबाट धेरै कुरा जान्न बुझ्न सहयोगी हुनेछ । चालु आ.वको लागि कार्यपालिकालाई मार्गनिर्देश गर्न यस नगरसभाले थुप्रै निर्णयहरु समेत गरेको छ । नगरसभाले दिएको निर्देशन अनुसार नै नगरकार्यपालिका र सम्पूर्ण सम्वद्ध पक्षहरु यस बूढानीलकण्ठ नगरको विकास, सम्वृद्धि साथै नगरवासीको खुसीको लागि परिचालित हुने अपेक्षा र प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठको सपना पुरा गर्ने साझा लक्ष्यको लागि स्थानीय सरकाले प्रस्तुत गरेको आ.व २०७७/७८ को वार्षिक नगर विकास योजना पूर्णत सफल हुने विश्वास लिएको छु । पुस्तक प्रकाशनमा केही गरी कमी कमजोरी भएमा मुल कपी र निर्णय कपीबाट सुधार गर्न सकिने छ । साथै, यस आ.वको योजना छनौट, प्राथमिकीकरण, बजेट विनियोजन गर्न सहयोग पुऱ्याउनु हुने यस नगरका सम्पूर्ण सम्बद्ध पक्षहरु प्रति धन्यवाद आभार प्रकट गर्न चाहन्छु । पुस्तकमा उल्लेख भए अनुसार योजना र कार्यक्रम तालिका अनुसार तोकिएको समयभित्र सम्पन्न गर्न सबैको सल्लाह, सहयोग र क्रियाशीलताको अपेक्षा गर्दछु ।

धन्यवाद ।

उद्धव प्रसाद खरेल
नगर प्रमुख

मन्तव्य



आदरणीय नगरवासीहरु,
बूढानीलकण्ठ नगरपालिका ।
हार्दिक नमस्कार ।

आ.व २०७७/०७८ को सुरु वर्षमा नै विश्वव्यापी रुपमा कोरोना भाईरसले आक्रान्त भएकाले हाम्रो नगरपालिका पनि त्यसबाट अछुतो रहन सकेन । समयमा नै नगरपालिकाले नगर सभाबाट नीति तथा कार्यक्रम र योजना विधिवत रुपमा प्रकाशन गरी नगरवासी समक्ष ल्याउन लागेको ब्यहोरा अनुरोध गर्दछु । आ.व २०७७/०७८ को सुरुवातबाट नै देशमा कोरोना भाईरसको कारणले बन्दाबन्दी गर्नुपरेको हुँदा अरु क्षेत्रमा झैँ हाम्रो नगरको योजनाहरु पनि प्रभावित भएको कुरा यहाँहरु समक्ष राख्न चाहन्छु । तथापी वडाबाट भएका योजनाहरु सम्पन्न गरेका छौँ । समयमै लक्ष्य बमोजिमका विकास निर्माणका कार्यहरु तीव्रताका साथ सम्पन्न गरी लक्ष्यमा पुग्न यस वर्ष सुरु देखि नै कटिवद्ध छौँ । नगरको विकास निर्माण लगायत समग्र आर्थिक गतिविधी समेटी तयार पारिएको योजना पुस्तिका प्रकाशन गर्न लागेका छौँ । नगर योजना कार्यक्रमहरु पारदर्शी रुपमा नगरवासीहरु समक्ष ल्याउनु जनप्रतिनिधिको दायित्व पनि हो । योजना सफलतापूर्वका सम्पन्न गर्न नगरवासीहरुको पुर्ण सहयोगको अपेक्षा गर्दछु ।

रमादेवी राई
नगर उपप्रमुख

मन्तव्य



नेपालको संविधानले व्यवस्था गरेको शासन प्रणाली तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित कानुन, नीति, निर्णय तथा बजेट तर्जुमा कार्यविधि-२०७४ मा भएको व्यवस्था बमोजिम लोकतान्त्रिक माध्यमबाट टोल, बस्ती र वडा समिति हुँदै जनताबाट निर्वाचित प्रतिनिधि मार्फत जनताका ईच्छा, आकांक्षा, आवश्यकता तथा चाहना बमोजिमको Bottom Up Approach माध्यमबाट यस नगरपालिकाको कार्यपालिका बैठक तथा दोश्रो नगरसभाबाट पारित भएका वार्षिक बजेट नीति, कार्यक्रम तथा निर्णयहरु सबै नगरवासीहरुको जानकारीको लागि प्रकाशन गरिएको छ । यसरी प्रकाशन गर्न पाउँदा अत्यन्तै खुसी महशुस भएको छ ।

यस नगरपालिकाको छैठौँ नगरसभा समयमा नै सम्पन्न गर्न सक्रियतापूर्वक लाग्नुहुने नगर प्रमुखज्यू, उप प्रमुख ज्यू, बिषयगत समितिका पदाधिकारीहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु र हरपल खटिने कर्मचारी साथीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



नेपालको राष्ट्रिय गान

सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली

प्रकृतिका कोटी कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल

विषयसूची

१. बूढानीलकण्ठ नगरपालिकाको चिनारी २

२. आ.व.२०७७/७८ को बार्षिक नगरसभामा प्रस्तुत बूढानीलकण्ठ नगरपालिकाको नीति तथा कार्यक्रम १०

३. बूढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष ०७७/०७८ को बजेट वक्तव्य ३२

४. छैटौ नगर सभाको बैठकमा पेश भई ०७७ आषाढ २६ गते सम्पन्न बैठकबाट पारित निर्णयहरु ३७

५. आ.वि. २०७६/०७७ को अनुमानित आय, बास्तविक आय आ.व. २०७७/०७८ को अनुमानित आयको विवरण ५५

६. स्थानीय तहको विनियोजित ऐन ६५

७. केन्द्र तथा प्रदेश सरकारमा परेका योजना १६०

८. आर्थिक ऐन, २०७७ ..... १६३

९. बूढानीलकण्ठ नगरपालिका र नेपाल रेडक्रस सोसाईटीको साझेदारीमा सञ्चालित कार्यक्रम २०३

१०. जनप्रतिनिधिहरुको सम्पर्क नम्वर २०५

११. सहकारी संस्थाहरुको विवरण २०७

१२. संघ संस्थाको सम्पर्क नम्वर २११

संक्षिप्त विवरण


"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगरबूढानीलकण्ठ"

नगरपालिकाको नाम	**बूढानीलकण्ठ नगरपालिका**	
स्थापना वर्ष	वि.सं.२०७१ साल मंसिर १६ गते	
प्रदेश	वागमती प्रदेश	
जिल्ला	काठमाडौँ	
वडा सङ्ख्या	१३	
जम्मा परिवार सङ्ख्या	३२०३९	
महिला	७७०५२	
पुरुष	७६२५१	
जनसङ्ख्या	१५३३०३	
प्रमुख भाषा	नेपाली/नेवारी/राई/शेर्पा/गुरूङ/मगर/तामाङ आदि	
प्रमुख धर्म	हिन्दु, किराँत, बौद्ध, इसाई आदि	
प्रमुख व्यवसाय	नोकरी, कृषि, व्यापार, वैदेशिक रोजगारी आदि	
मुख्य बाली	धान, मकै, गहुँ, आलु, कोदो, फापर र दलहन तथा तेलहन	
तापक्रम	अधिकतम ३२ डिग्री सेन्टिग्रेड र न्यूनतम ३ डिग्री सेन्टिग्रेड	
हावापानी	समशीतोष्ण	
क्षेत्रफल वर्ग कि.मि.	३४.८०	
	आवास तथा वस्ती क्षेत्र	१२.६७
	कृषि क्षेत्र	६.८
	वन क्षेत्र	९.८७
	घाँसे क्षेत्र	०.२२
	झाडी क्षेत्र	५.००४
	नदीनाला तथा पोखरी	०.१७
	अन्य (बगर तथा भीर क्षेत्र)	०.०२
भौगोलिक अवस्थिति	२७°४३'१९" उत्तरी अक्षांशदेखि २७°४८'५०" उत्तरी अक्षांश र ८५°२०'९" पूर्वी देशान्तरदेखि ८५°२३'२८" पूर्वी देशान्तरसम्म ।	
उचाइ	१२८९-२६९९ (समुद्र सतह देखि)	
सीमाना	पूर्वतर्फ गोकर्णेश्वर नगरपालिका र काठमाडौँ महानगरपालिका, पश्चिमतर्फ टोखा नगरपालिका, उत्तरतर्फनुवाकोट जिल्ला, दक्षिणमा काठमाडौँ महानगरपालिका र टोखा नगरपालिका ।	
प्रमुख जातजाती	ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, भुजेल, राई, शेर्पा, मगर, वि.क., परियार, मिजार आदि	
सामूदायिक भवन तथा सरकारी कार्यालय	८७	
सामूदायिक बिद्यालय सङ्ख्या	१९	
साक्षरता	९५.६६ प्रतिशत	
स्वास्थ्य संस्था	८	
प्रमुख खोला नदीहरू	बिष्णुमती, वागमती नदीको उद्गम स्थल (वागद्वार), धोबी खोला, ज्याम्ले खोला, रुद्रमती, यज्ञमती, च्यानेखोला	

नगरपालिकाको चिनारी

१ भौगोलिक अवस्थिति तथा राजनैतिक अवस्थिति

प्रदेश न. ३ काठमाडौँ जिल्लामाअवस्थित बूढानीलकण्ठ नगरपालिकानेपाल सरकार, तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१ मङ्सिर १६ गतेको मन्त्रीस्तरीय निर्णयबाट चपली, भद्रकाली, खड्का भद्रकाली, चुनिखेल, महाङ्काल, विष्णुबूढानीलकण्ठ र कपन गरी ६ वटा गा.वि.स.हरू मिलाएर १९ वडामा बिभाजन गरी प्रसासकीय हिसावले समायोजन गरिएको थियो ।



Wardwise Area(in sq. km)

Ward No	1	2	3	4	5	6	7	8	9	10	11	12	13
Area	4.67	1.60	4.24	1.97	7.77	1.31	0.88	3.43	0.68	0.89	3.42	0.34	3.60

Data Source: Government of Nepal, Survey Department

तर नेपाल सरकारको मिति २०७१ फाल्गुन २७ गतेको निर्णयले साविककै १९ वटा वडाहरूलाई १३ वटा वडाहरूमा पुनःसमायोजन गरी यसको अन्तिम प्रशासकीय ढाँचा तयार गरिएको हो । बूढानीलकण्ठ नगरपालिका नेपालकै ऐतिहासिक नगरपालिकामध्येको एक नगरपालिका हो । बूढानीलकण्ठ नगरपालिका एक प्रसिद्ध धार्मिक नामबाट नामकरण भएको देशकै महत्वपूर्ण स्थानीय सरकार हो । नेपालको नगरपालिका मध्ये जनसङ्ख्याको आधारमा नेपाल भरीको दोश्रो ठुलो यस नगरपालिकाको उत्तरतर्फ नुवाकोट जिल्लासँग जोडिएको तथा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, दक्षिणमा काठमाडौँ महानगरपालिकाको वडा नम्बर ३,४,६,७ र टोखा नगरपालिकाको वडा नम्बर ४ धापासी रहेको छ । त्यस्तै पश्चिमतर्फ टोखा नगरपालिका पर्दछ भने पूर्वतर्फ गोकर्णेश्वर नगरपालिका र काठमाडौँ महानगरपालिकाको वडा नम्बर ६ सँग जोडिएको छ । काठमाडौँ उपत्यकाका थुप्रै धार्मिक स्थलहरूमध्ये बूढानीलकण्ठ नगरपालिकापनि महत्वपूर्ण मानिन्छ । उत्तरी भागमा शिवपुरीका फेदीमा रहेको यो स्थल शैव, वैष्णव, र बौद्ध धर्मालम्वीको आस्थाको क्षेत्र हो । आवासीय क्षेत्र धेरै रहेको यस नगरपालिकाको उत्तरतर्फ शिवपुरी पर्वत श्रृङ्खला लगायत हरियाली जङ्गल रहेको यस नगरपालिकामा भिरालो भूभाग

पनि रहेको छ भने दक्षिणतर्फ समथर भूभाग रहेको र अधिकांशभूभाग बाक्लो बस्तीले ढाकेको छ । यस क्षेत्रबाट विष्णुमती, रूद्रमती, धोबीखोला, यज्ञमती, च्यानेखोला जस्ता नदीखोलाहरू बगेर गएका छन् ।

यस नगरपालिकाभित्र प्रसिद्ध बूढानीलकण्ठ मन्दिर चण्डेश्वर मन्दिर, रूद्रेश्वर, भद्रकाली, पञ्चकन्या, शिव, कृष्ण, वंगलामुखी जस्ता देवदेवीका मन्दिरहरू रहेका छन् । बौद्धमार्गीहरूका चर्चित सार्वजनिक गुम्बा श्री डाङ्यूर झयाङ्गतेरा दार्ग्यालिङ गुम्बा,आनीगुम्बा लगायत बौद्ध मठहरू रहेका छन् । त्यस्तै, विभिन्न धर्मालम्बीहरूका आस्थाका केन्द्रहरू समेत रहेका छन् । विश्व मानचित्रमा यस बूढानीलकण्ठ नगरपालिकाको भौगोलिक अवस्थिति २७ डिग्री ४३ मिनेट १९सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री ४८ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांश र ८५ डिग्री २० मिनेट ९ सेकेन्ड पूर्वी देशान्तरदेखि ८५ डिग्री २३ मिनेट २८ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यस नगरपालिकाको उचाइ समुन्द्री सतहदेखि १२८९ देखि २६९९ मिटरसम्म रहेको छ भने कुल क्षेत्रफल ३४.८० वर्ग किमि रहेको छ ।

२ प्रशासनिक विभाजन

नेपाल सरकारको मिति २०७१ फाल्गुन २७ को निर्णयले साविककै १९ वडालाई १३ वडा मा पुनः समायोजन गरी यसको अन्तिम प्रशासकीय ढाँचा तयार गरिएको हो । बूढानीलकण्ठ नगरपालिका नेपालकै ऐतिहासिक नगरपालिकामध्येको एक नगरपालिका हो ।बूढानीलकण्ठ नगरपालिका एक प्रसिद्ध धार्मिक नामबाट नामकरण भएको देशकै महत्वपूर्ण स्थानीय सरकार हो । हाल यस नगरकार्यपालिकाको कार्यालय ८ नं.वडा हात्तीगौँडामा रहेको छ । नगरपालिकाका वडा कार्यालय रहेको स्थान र स्वामित्व सम्बन्धी विवरणलाई तलको तालिकामा दिइएको छ :

तालिका नं. २.१ वडा कार्यालयसम्बन्धी विवरण

वडा नं.	वडा कार्यालय रहेको स्थान	कैफियत	वडा नं.	वडा कार्यालय रहेको स्थान	कैफियत
१	तौलुङ्ग	भाडामा	८	गोल्फुटार	आफ्नै
२	चपली घुम्ती	आफ्नै	९	मन्डीखाटार, कुमारीमार्ग	आफ्नै
३	नारायणस्थान	भाडामा	१०	आकासेधारा कपन	आफ्नै
४	पासिकोट	भाडामा	११	शङ्करेडाडा कपन	आफ्नै
५	विष्णुमती खोला, दुलालटोल	आफ्नै	१२	दुर्गा मन्दिर	आफ्नै
६	खड्का भद्रकाली	आफ्नै	१३	चुनीखेल	आफ्नै
७	हात्तीगौडा, डढुगाउँ	आफ्नै			

श्रोतः बूढानीलकण्ठ नगरपालिका, २०७५


तालिका नं. २.१.१ वडा कार्यालयसम्बन्धी विवरण

वडा कार्यालय	साविक गाविस हुँदाको वडा	स्थानीय निकाय हुँदाको वडा	स्थानीय तह हुँदाको वडा
चपली भद्रकाली	१,२,३,४,५	१	१
	६,७	२	२
	८,९	३	
बूढानीलकण्ठ	१,२,३	४	३
	४,५,६	५	४
	७,८,९	६	५

खड्का भद्रकाली	१,२,३,४,५	७	६
	६,७,८,९	८	७
महाङ्काल	१,२,३,४	९	८
	५,६,७	१०	९
	८,९	११	
आकासेधारा, कपन	३	१२	१०
	१	१४	१२
	४,५	१३	११
	२,६	१८	
	७,८,९	१९	
चुनिखेल	१,२,३	१५	१३
	४,५,६	१६	
	७,८,९	१७	

श्रोतः बूढानीलकण्ठ नगरपालिका, २०७५

तालिका नं. २.१.२ बूढानीलकण्ठ नगरपालिकाको विस्तृत विवरण (राजपत्रमा प्रकाशित तथ्याङ्क अनुसार)



३. चिनारी तथा नामाकरण

बूढानीलकण्ठ नगरपालिका काठमाडौँ जिल्लामा अवस्थित प्रसिद्ध धार्मिक तीर्थस्थलले परिचित नगरपालिका हो । यो नगरपालिका काठमाडौँ देखि उत्तरतर्फ शिवपुरी डाँडाको काखमा अवस्थित छ । यही देवस्थलको स्थानलाई **बूढानीलकण्ठ पनि** भनिन्छ । पौराणिक कथन अनुसार समुद्र मन्थन गर्दा बहुमूल्य रत्नहरू र अमृतसमेत उपलब्ध हुँदा भयङ्कर कालकूट विष अगाडि पर्न आएकोले देवता र असुरहरूबीच कोलाहल मच्चियो र भगवान् शिवले कोलाहललाई साम्य पार्न उक्त विष



क्र.सं.	नयाँ वडा	समावेश गाविस/नगरपालिका	क्षेत्रफल वर्ग (कि.मी.)
१	१	बूढानीलकण्ठ (१)	४.६७
२	२	बूढानीलकण्ठ (२,३)	१.६
३	३	बूढानीलकण्ठ (४)	४.२४
४	४	बूढानीलकण्ठ (५)	१.९७
५	५	बूढानीलकण्ठ (६)	७.७७
६	६	बूढानीलकण्ठ (७)	१.३१
७	७	बूढानीलकण्ठ (८)	०.८८
८	८	बूढानीलकण्ठ (९,१०)	३.४३
९	९	बूढानीलकण्ठ (११)	०.६८
१०	१०	बूढानीलकण्ठ (१२)	०.८९
११	११	बूढानीलकण्ठ (१३,१८,१९)	३.४२
१२	१२	बूढानीलकण्ठ (१४)	०.३४
१३	१३	बूढानीलकण्ठ (१५,१६,१७)	३.६
जम्मा			**३४.८०**

पान गर्नुभयो तर उक्त विष निल्न उपयुक्त नभएकोले आफ्नो घाँटीमा अड्काएर राख्नुभयो । विषको प्रभावले शिवको घाँटी नीलो भयो र किम्बदन्तीअनुसार त्यसैले उहाँलाई नीलकण्ठ भनियो । भगवान बूढानीलकण्ठको मूर्ति निकै पुरानो हो तर यो कुन समयमा, कसले बनाएका हुन् सो कुराको कसैलाई ज्ञान छैन । किम्बदन्ती अनुसार एक जना किसानले आफ्नो खेत खन्दा उक्त मूर्तिको खुट्टाको औँलामा चोट लाग्न गई रगतसमेत देखिएकाले पछि सो स्थानमा उत्खनन् गरी हेर्दा उक्त विशाल मूर्ति भेटिएको थियो । देवमाला वंशावलीमा उल्लेख भए अनुसार राजा ऋषभदेवले बूढानीलकण्ठको स्थापना गरेका हुन् भन्ने कुरा उल्लेख छ तर उनले उत्खनन् गरी जमीनमुनिबाट वा कुनै सिल्पद्वारा बनाउन लगाई प्रतिष्ठित के गरेका हुन् स्पष्ट लेखिएको छैन । विक्रम संवत ३९८ मा राजा मानदेव प्रथमले धेरै शिवलिङ्गहरूको स्थापना गरे भन्ने त छ तर नीलकण्ठबारे केहीँ उल्लेख छैन । राजा प्रतापमल्लले बूढानीलकण्ठको उक्त भव्य मूर्तिलाई त्यहाँबाट हनुमानढोका दरबार लगी चोकमा राख्न एवं प्रतिस्थापन गर्न चाहन्थे । त्यतिकैमा राजालाई सपनामा यो मूर्ति यहाँबाट कहीँ नलग्नु, स्थानान्तरण नगर्नु र तिमी र तिम्रा उत्तराधिकारीहरूले यो मूर्तिको दर्शन पनि नगर्नु, गरेमा अनिष्ठ हुनेछ भन्ने किम्बदन्ती छ । यसैले उनले हनुमानढोका दरबार परिसरमा बूढानीलकण्ठको प्रतिमूर्ति बनाउन लगाए र सो मूर्ति आजसम्म हनुमानढोका दरबार परिसरमा रहेको छ । त्यसै बेलादेखि नेपालका गद्दीनसीन राजालाई बूढानीलकण्ठको दर्शन वर्जित रहेको थियो । वर्तमान समयमा पनि बूढानीलकण्ठ भगवान्को नित्य पूजारीहरूबाट स्नान, श्रृङ्गारको साथै श्रीखण्ड, चन्दन, केशरी, जौ, तिल, अक्षता, फूल, दुबो चढाई धूप, दीप, नैवेद्य, प्रसादमा मनभोग, मालपुवासमेत मिष्ठान्नको भोग लगाएर पञ्चोपचार एवं विशेष अवसरमा षोडशोपचारले वैदिक विधिपूर्वक भगवानको पूजा गर्छन् । दैनिक साँझ आरती हुन्छ र पूजाका लागि गुठीको व्यवस्थासमेत गरिएको छ । यस पवित्र तीर्थस्थलमा श्रावण महिनाभरका सोमबारहरू, कार्त्तिक शुक्लद्वादशी र वैशाख महिनाभर मेला लाग्ने चलन छ ।

३.१ सोंच (Vision):

"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ" को आधारशीला तयार गर्ने ।

३.२ बूढानीलकण्ठ नगरपालिकाको विशेषताहरू

- उत्तरतर्फ अग्लो हरियाली ४ कि.मी लामो महाभारत पर्वतीय श्रृङ्खलाको शोभायमान सौन्दर्य तथा हरियाली ग्रीन बेल्ट ।
- हिन्दू, बौद्ध र किराँत धर्मावलम्बीहरूको साझा आस्थाको केन्द्र, धार्मिक सहिष्णुताको अनुपम नमुना बूढानीलकण्ठ मन्दिर ।
- काठमाडौँको सभ्यता निर्माणमा महत्वपूर्ण योगदान दिने बाग्मती, बिष्णुमती, रूद्रमती (धोवीखोला) जस्ता नदीहरूको उद्गमस्थल तथा जलाधार क्षेत्र ।
- काठमाडौँ उपत्यकाको सबैभन्दा नजिकमा रहेको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ।
- नौलिङ्गेश्वरी भद्रश्ररी भद्रकाली, कपनगढी, खड्ग भद्रकाली, चुन्नीदेवी, पञ्चकन्या, गणेश, प्राचीन शिव मन्दिर, गुम्बाहरू जस्ता प्रसिद्ध दर्जनौँ धार्मिक केन्द्रको अवस्थिति ।
- शिवपुरीबाबा, टोड्केबाबा लगायत विभिन्न योगी तपस्वीहरूको तपोभूमि तथा विपश्यना ध्यानकेन्द्र जस्ता योग साधनाका केन्द्रहरू ।
- प्रत्येक बस्तीमा बाटोको सञ्जाल ।
- राष्ट्रिय निकुञ्जको काखमा शान्त र सुन्दर हावापानी भएको क्षेत्र ।

- न्युरो हस्पिटलको स्थापना ।
- बूढानीलकण्ठ स्कुल लगायत सयौँ विद्यालय तथा शैक्षिक प्रतिष्ठानहरूको सञ्चालन ।

४ धरातलीय अवस्था

काठमाडौँको बाहिरी भागमा अवस्थित यस नगरपालिका पहिला पहिला काँठको नामले परिचित थियो । काँठको परिभाषा अन्तर्गत सहरी व्यवसाय भन्दा फरक अर्थात् कृषि व्यवसायलाई नै प्राथमिकतामा राखिने गरिन्छ, र त्यो कृषि केही व्यापारिक प्रयोजन र केही निर्वाहमुखी गरी मिश्रित हुने गर्दछ । त्यसैकारण यो नगरपालिकाको नक्सामा भूभाग कृषिमा रहेको देखिन्छ । तर हाल यो भाग पूर्णतः कृषिमा मात्र नभएर बसोबाससँग पनि मिश्रित छ । यस नगरपालिकाको अवस्थिति उत्तरको शिवपुरी संरक्षण क्षेत्रसम्म फैलिएकाकारण नगरपालिका भएर पनि यसमा झण्डै ४२ प्रतिशत भन्दा बढी भूभाग वनजङ्गल र बूट्यान छ । खासगरी दक्षिणी भागमा घना जनआवादी थपिदै नयाँनयाँ घर तथा आवास निर्माणले यस नगरपालिकाका बसाइ आउनेको सङ्ख्या बढेको देखिन्छ । प्राय सबै साबिकका खेती गरिने भू-भाग हाल आएर घर निर्माणमा परिवर्तन भएका छन् । माथिल्लो भागका भिराला पाखासमेत मानवीय निर्माणका चपेटामा परेका छन । विगत दुई दशकयता यस क्षेत्रमा जनसङ्ख्याको तीव्र बिस्तार भएको देखिन्छ । यस नगरपालिकामा चैत महिनादेखि असोजको प्रारम्भसम्म गर्मी र असोजदेखि फागुनसम्म जाडो हुने भएकोले यहाँको हावापानी मौसमअनुसार विविध किसिमको रहेको छ । भौगोलिक विषमतायुक्त नगरपालिका भएकोले यहाँको उचाइ र अवस्थिति फरक फरक पाइन्छ । गृष्म र वर्षा ऋतुमा मनसुनी बर्षा हुने गर्दछ ।

५ जलवायु तथा हावापानी


यस बूढानीलकण्ठ नगरपालिका गर्मीयाममा अधिकतम २४° देखि ३२° सेल्सियस र हिउँदमा न्युनतम ०° देखि -२° सेल्सियससम्म तापक्रम पुग्ने गरेको पाइन्छ । वर्षभरिमा सरदर १२०० मिलिमिटरसम्म वर्षा हुने गर्दछ । मनसुनी वर्षाको प्रभावले सामान्यतया असारदेखि आश्विनसम्म कुल वर्षाको ८० प्रतिशतसम्म वर्षा हुने गर्दछ । मूलतः यसबूढानीलकण्ठ नगरपालिकाको हावापानी समशीतोष्ण प्रकारको छ ।

६ वनस्पति तथा वन्यजन्तुहरू

यस नगरपालिका जैविक विविधताले महत्वपूर्ण मानिन्छ । शिवपुरी राष्ट्रिय निकुञ्ज रहेकै कारणले गर्दा यस क्षेत्रमा विभिन्न प्रकारकावनस्पति तथा वन्यजन्तुहरू पाइन्छन् । यस क्षेत्रमा पाइने मुख्य जडिबुटीहरूमा लौठसल्ला, सुगन्धवाल, चिराइतो, जटामसी, धसिँगरे, कुटकी, पाखनवेद, कुरिलो, सतिवयर, नुनढिकी, झ्याउ, पदमचाल, गुराँस, लप्सी, बेल आदि हुन् । तर यी जडिबुटीको व्यावसायिक प्रयोजनका हिसाबले प्रयोग भएको भने पाईँदैन । नगरमा पाइने मुख्य जनावरहरूमा सालक, चितुवा, भालु, बँदेल, दुम्सी, खरायो, स्याल, रतुवा मृग लङ्गुर, बाँदर आदि छन् भने चराचुरूङ्गीमा काग, परेवा, चिवे, कालिज, हुचिल, लाटोकोसेरा, भँगेरा, मैना, सुगा, बाज, ठेउवा, जुरेली, फिस्टा, तित्रा, बकुल्ला, चिल, गिद्ध, वनकुखुरा, ढुकुर जस्ता पंक्षी पाइन्छन् । गोहोरो, सर्प, छेपारो, माउसुली जस्ता सरीसृप, भ्यागुतो जस्ता उभयचर, बिच्छी, फट्याङ्ग्रा, वन मौरी, अरिङ्गाल, बारूलो र विभिन्न जातका अन्य किराहरू पाईन्छन् ।

७ धार्मिक, पर्यटकीय तथा ऐतिहासिक स्थलहरू

नेपालमा प्रख्यातबूढानीलकण्ठ मन्दिर, यस नगरपालिकाको वडा नं. ३ मा अवस्थित छ । पुस्तौंपुस्तादेखि नै यस मन्दिरलाईएक प्रमुख धार्मिक तीर्थस्थलको रूपमा मानिदै आएकोपाइन्छ । यहाँका मानिसहरूले आ-आफ्नो घर परिवारमा कुनै शुभकार्य विवाह, व्रतबन्ध, वा विशेष पूजा गर्दा सुरूमा भगवान विष्णुको दर्शन गरेर मात्र गर्ने चलन छ । यस मन्दिरको धार्मिक, साँस्कृतिक, पुरातात्विक महत्व बुझ्केर नेपाल सरकार सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०५३ मा बूढानीलकण्ठ क्षेत्र विकास समिति गठन गरेको थियो । वर्तमान कार्यसमितिले यस क्षेत्रलाई धार्मिक पुरातात्विक, साँस्कृतिक, पर्यटकीय स्थल बनाउन र बूढानीलकण्ठ मन्दिरलाई विश्वसम्पदा सुचीमा सूचीकृत गर्न गुरूयोजना सहितको नीति अख्तियारी गरेको छ । नेपालको संघीय राजधानीमा अवस्थित यस बूढानीलकण्ठ क्षेत्रलाई धार्मिक रूपले मात्रै नभई पर्यटकीय हिसाबले समेत विकास गर्न सकिने सम्भावना प्रचुर छ । यस क्षेत्रमा सुन्दर उपत्यकाको दृश्यावलोकन गर्न मिल्ने चिसिनेको झरना स्थल, वनभोज स्थल, पार्क, हाइकिङ, साइक्लिङ्ग, शिवपुरी बागद्वार पदमार्ग लगायत छन् । बूढानीलकण्ठदेखि शिवपुरीको टापुमा रहेको शिवपुरी महादेवस्थानसम्म केबुलकार सञ्चालन गर्न सकिन्छ । संसारमा पाइने धेरै प्रजाति मध्येका पुतली शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा पाइन्छन् । यसलाई व्यवस्थित गर्न सके पर्यटन व्यवसाय, अनुसन्धानलाई समेत प्रोत्साहन गर्न सकिन्छ । यसका लागि अधिकार सम्पन्न बूढानीलकण्ठ विकास कोष गठन गरी मन्दिरको एकद्वार प्रणाली अवलम्बन गरी वृहत बूढानीलकण्ठ गुरूयोजना बनाई अघि बढनुपर्ने आवश्यकता छ । अनि मात्र यसलाई विश्वसम्पदा सूचीमा सुचीकृत गरी विश्वभरका हिन्दू बौद्धमार्गीहरूको धार्मिक सङ्गमस्थल बनाउन सकिन्छ । धार्मिक स्थलको वर्णन गर्दा काठमाडौँको उत्तरखण्डमा शतरूद्र भगवान्को खोज भइरहेको कथन छ । १० मिनेट पैदल हिँडेपछि एक ऐतिहासिक मन्दिर भेटिन्छ । भारतका तीर्थ यात्रीहरूको भनाइअनुसार यसलाई बद्रीनाथको शिर मानिन्छ । त्यसैले लाखौंलाख भारतीय तीर्थयात्रीहरू यहाँ आउने गर्दछन् । यस क्षेत्रमा धेरै मठ मन्दिरहरू छन् । बूढानीलकण्ठ क्षेत्र विकास समितिअर्न्तगत पर्ने महत्वपूर्ण धार्मिक स्थलहरूमध्ये बूढानीलकण्ठ विष्णुनारायण भगवान्को मन्दिर एक महत्वपूर्ण मन्दिर हो । एउटै शीलाबाट निर्मित यो मूर्ति विश्वको एक अदभूत हरिहर भगवानको मूर्ति हो । पर्यटकको आकर्षण काठमाडौँको महाराजगञ्जबाट अलिकति पर बाँसबारी झरेपछि छुट्टै खालको सौन्दर्यको आभास हुन्छ । शिवपुरीको स्वच्छ हावाको स्पर्श पाउने बित्तिकै जो सुकैले महसुस गर्छन, काठमाडौँमा पनि यति स्वच्छ हावा बहने ठाँउ छ ? यस क्षेत्रका मठ मन्दिर भञ्ज्याङ चौतारीले स्वदेशीदेखि विदेशी पर्यटकलाई समेत उत्तिकै आकर्षण गरेको छ ।बूढानीलकण्ठ, टोखा, स्वास्थ्य निवास, तारेभीर, नारायण डाँडा, पानीमुहान,



विष्णुमती, विष्णुद्वार सपनातीर्थ, लगायत ठाँउहरूमा आजभोलि पर्यटकको बाक्लो उपस्थिति हुने गदर्छ । पछिल्ला वर्षहरूमा शिवपुरी राष्ट्रिय निकुञ्ज घुमफिरका लागि आकर्षक गन्तव्य बनिरहेको छ ।



शिवपुरीवरिपरि ९५ किलोमिटर सडक बनेको छ । सरकारले पशुपतिनाथ मन्दिर, लुम्बिनी क्षेत्र जतिकै मान्यता बूढानीलकण्ठ क्षेत्रलाई पनि दिएको छ । अझ हिन्दू र बौद्ध धर्म मान्नेहरूले बूढानीलकण्ठ क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउन सकिन्छ भन्नेमा विशेष जोड दिएको पाइन्छ । बूढानीलकण्ठ क्षेत्रलाई विश्व सम्पदा सूचीमा पार्नका लागि पहल भइरहेको छ । यही क्षेत्रमा नै अहिले अर्न्तराट्रियस्तरको क्रिकेट मैदान निर्माण भइरहेको छ भने पहिलापहिला यो क्षेत्रले धार्मिक तथा साँस्कृतिक महत्व मात्र बोकेको थियो । तर, अहिले भने खेलकूदका लागि पनि यो क्षेत्र चर्चित हुने क्रममा छ । बूढानीलकण्ठ क्षेत्रको विकासका लागि एउटा ठूलो धर्मशाला बनाउने, संस्कृत शिक्षा अध्ययन गर्न चाहनेहरूका लागि गुरूकूल स्थापना गर्नुका साथै भवन निर्माण र पार्कहरू पनि बनाउन सकेको खण्डमा नगरपालिकाको आय आर्जनमा समेत आर्थिक उन्नती हुन्छ । यस नगरपालिकामा धार्मिक, साँस्कृतिक र पर्यटकीय सम्भावना प्रचुर रूपमा रहेको छ । बूढानीलकण्ठ क्षेत्रमा विश्वकै सबभन्दा ठूलो एउटा शिला रहेको भगवान विष्णुको मूर्ति र मन्दिरले हरेक वर्ष लाखौं व्यक्तिलाई आकर्षित गरिरहेको छ । साथै यो क्षेत्र वरिपरि रूद्रेश्वर महादेव, शिवपुरी महादेव, भद्रकालीको मन्दिर, प्रख्यात नागीगुम्बा पनि रहेका छन् । एउटै नगरपालिकाभित्र यति धेरै धार्मिक, सांस्कृतिक र पर्यटकीय सम्पदाहरू हुनु चानचुने विषय होइन । यथोचित प्रचारप्रसार लगायत यस नगरपालिका भित्र धार्मिक पर्यटन विकासलाईद्रुत गतिमा अगाडि बढाउन सकेको खण्डमाबूढानीलकण्ठ नगरपालिकाको भविष्य उज्ज्वल रहेको छ ।

आ.व.२०७७।०७८ को वार्षिक नगरसभामा प्रस्तुत बूढानीलकण्ठ नगरपालिकाको नीति तथा कार्यक्रम

नगर सभा सदस्यहरु,
आमन्त्रित अतिथीहरु,

लोकतन्त्र र सम्वृद्धिको लामो संघर्षबाट भएको राजनैतिक परिवर्तन पश्चात निर्माण भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले व्यवस्था गरेको ३ तहको सरकारको व्यवस्थामा स्थानीय तहको निर्वाचन भई कार्य सुरु गरेको ३ वर्ष पुरा भैसकेको छ । राज्यको संरचनामा भएको नयाँ व्यवस्था एवं करीव २० वर्षदेखिको निर्वाचन नभई जननिर्वाचित प्रतिनिधि विना संचालन हुदै आएको स्थानीय निकायबाट पुर्नगठित भएको नयाँ संरचनागत ढाँचामा व्यवस्थापन गरी नगरपालिकाले काम गर्दै आएको कुरा सर्वविदितै छ । फरक/फरक भौगोलिक क्षेत्र र सीमाभित्र विकास र प्रशासनिक एकाइमा काम गर्दै आएको साविकका ६ गा.वि.स.हरु विच एकीकृत भई बूढानीलकण्ठ नगरपालिकाको नामवाट यस भित्रको भौगोलिक अवस्था, यहाँको सामाजिक र जनसांख्यिक अवस्थाको आधारमा आवश्यकता, स्रोत साधनको उपलब्धतालाई प्राथमिकीकरण गर्दै विगत ३ वटा नगरसभावाट नीति कार्यक्रम र बजेट तर्जुमा र कार्यान्वयन गरी सकिएको छ ।

बदलिदो परिस्थितिमा जनताहरुको विकास र सुशासनको उच्च आकांक्षा, कमजोर पूर्वाधार संरचना, प्रशासनिक क्षमता, जनशक्ति दक्षता, अनुभवको अधिकतम उपयोगवाट हालसम्म भएका र गरिएका कामहरु सवै नगरवासीहरुको सामु छर्लङ्ग नै छ । भर्खर गठन भएको नयाँ नगरपालिकाको सीमित भौतिक संरचना र कर्मचारी संयन्त्रवाट इच्छा, चाहना र जनअपेक्षा अनुसार चाहे जस्तो कार्य गर्न नसकिएको र गर्ने अधिकतम प्रयास निरन्तर जारी रहेको छ । चालु आ.व.को तेस्रो चौमासिकको सुरुतिर फैलिएको Covid-19 को विश्वव्यापी महामारी र त्यसबाट उत्पन्न संभावितसंकट व्यवस्थापनको लागि देशव्यापी लकडाउन गर्नुपरेको कारण टेण्डर प्रक्रियामा भएका योजनाहरुको कार्यान्वयनमा वाधा पुगेको र करीव ४०% वडा स्तरीय योजना कार्यान्वयन भैरहेको अवस्था रहेको छ । चालु आ.व.२०७६।७७ लाई पूर्वाधार विकासको वर्ष मानी सुरु गर्ने भनिएका नगरका डेढ दर्जन सडकहरु आधा दर्जन ढलका योजनाहरु, खानेपानी, पुल, पार्कहरु, वडा कार्यालय भवनहरुको निर्माण, मुख्य कार्यालय भवन परिसरका विभिन्न योजनाहरु, नगर अस्पताल, सार्वजनिक शौचालय निर्माण, नगर गेटहरु, कोशेली घर, ह्यान्डवल मैदान, कपन क्षेत्रमा सुरु भएको मेलम्ची खानेपानीका वितरण लाइन विस्तारका योजनाहरु अघि बढ्न सकेन । तर ती योजनाहरु आगामी आ.व.को बजेटमा समेट्दै छिटै सुरु गरी अघि बढाउने जानकारी गराउदछौ ।

बजेट समीक्षाः-

चालु आ.व.मा आन्तरिक आय तर्फ रु २० करोड ५१ लाख अनुमान गरिएकोमा चालु आ.व मा रु १९,८६,३०,९६२.१३।- (उन्नाईस करोड छयासी लाख तीस हजार नौ सय बैसट्ठी रुपैयाँ तेह्र पैसा मात्र) उठेको छ । प्रदेश र संघीय सरकारको तर्फबाट अनुदान बापत रु.२७,७१,२३,०००। (सत्ताईस करोड एकहत्तर लाख तेईस हजार मात्र) प्राप्त भएको छ । साथै प्रदेश र संघीय सरकारको सशर्त

अनुदान २१,२५,३५,०००।- (एक्काईस करोड पच्चीस लाख पैंतीस हजार मात्र) प्राप्त भएको छ । राजश्व बाँडफाँडबाट ७६,५४,८१,८६४.८३ (छयहत्तर करोड चौवन्न लाख एकासी हजार आठ सय चौंसट्ठी रुपैयाँ त्रियासी पैसा) प्राप्त भएको छ ।

प्रस्तावित अनुमानित बजेट र त्यसको खर्च गर्ने लक्ष्यमा समेत Covid- 19 को कारण भएको करीब ३ महिनाको लकडाउनको असरले गर्दा लक्ष्य अनुसारको खर्च र कार्यान्वयनमा करीब ४५ प्रतिशतले कमी हुने अनुमान गरिएको छ । चालु आ.व.को असार महिना लकडाउन खुकुलो भएको कारण योजना कार्यान्वयनलाई तिव्रता दिइएको छ ।

चालु आ.व.मा वडास्तरमा विनियोजन भएको बजेट खर्च प्रतिशत राम्रो प्रगति भए पनि नगरस्तरको बजेट कार्यान्वयन अवस्था कमजोर रह्यो । समयमा पूर्वाधार योजनाको खरिद प्रक्रिया सुरु गर्न नसक्दा नगरका ठूला र गौरवका योजनाको रुपमा रहेका नगर अस्पताल, कपन ह्याण्डबल मैदान, उज्यालो नगर योजना, अन्य भौतिक पूर्वाधारको योजनाहरु, सडकका ५० लाख भन्दा ठूला योजना कार्यान्वयन सुरु हुन सकेन । यद्यपी ती योजनाहरु असार मसान्त भित्र खरिद प्रक्रिया शूरु गर्ने लक्ष्य रहेको छ । आगामी आ.व.को सुरु देखि कार्यान्वयनमा जाने लक्ष्य लिएको छ ।

संघ र प्रदेश सरकारबाट प्राप्त सशर्त योजना अनुसारका शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास अनुदानको धेरै अंश खर्च भएको र बैशाख जेष्ठ भित्र गरिने कतिपय कार्यक्रमगत खर्च Covid-19 का कार्यक्रम र त्यसको प्रभावबाट सिर्जित समस्या र आवश्यकता पुरा गर्न नगरबासीहरुको जीवन रक्षाको लागि खर्च गरिएको छ ।

यस चालु आ.व. मा खरिद सम्झौता हुन नसकेको तर आवश्यक र महत्वपूर्ण प्राथमिकतामा परेका ठूला योजनाहरु आगामी आ.व. मा पनि निरन्तरता दिई बजेट व्यवस्था गरी कार्यान्वयन गरिने छ । चालु आ.व.मा प्रथम चौमासिक अवधिमा मुख्य नगर गौरव योजनाहरु सुरु गर्ने कार्य ढिलाई हुन गएको र योजनाको खरिद प्रक्रिया ढिलो गरी सुरु गर्दा चैत्र महिनादेखि विश्वव्यापी महामारी Covid-19 र त्यसको प्रभावको कारण नीतिगत र व्यवहारिक दुवै कारणबाट यस चालु आ.व.को लक्ष्य पुरा हुन नसकि त्यसको कार्यभार आगामी आ.व.मा मिलान गरी बजेट योजना निर्माण हुने कुरा नगर सभा मार्फत आम नगरबासीहरुमा अनुरोध गर्दछु । केही महत्वपूर्ण योजनाहरु असार/श्रावण भित्र खरिद प्रक्रिया सुरु गरी वर्षा पछि तत्काल कार्यान्वयन गर्दै आगामी आ.व.मा पुरा हुने छ ।

विश्वव्यापी कोरोना महामारीको प्रभाव कम गर्न सम्पूर्ण स्रोत साधन, जनशक्ति र समय लगाइ नगरवासीहरुको जीवन रक्षा गर्न प्राथमिकताका साथ ३ महिनादेखि नगरपालिका जुटिरहेको छ ।

- Covid-19 महामारीको संक्रमणको कारणबाटस्वदेश र विदेशमा अमूल्य जीवन गुमाउनुहुने नागरिक प्रति हार्दिक श्रद्धान्जली र सम्बन्धित परिवारहरु प्रति समवेदना प्रकट गर्दछौ । संक्रमण भई उपचारमा रहनुभएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।
- यस विषम परिस्थितिमा विश्वव्यापी Covid-19 को प्रभाववाट मुक्त गर्न जोखिमपूर्ण रुपमा खट्नुहुने स्वास्थ्यकर्मीहरु, जनप्रतिनिधिहरु, क्रियाशील राजनैतिक दलका नेता कार्यकर्ताहरु, कर्मचारीहरु, सञ्चारकर्मीहरु, प्रदेश र संघका माननीय सदस्यहरु, सुरक्षाकर्मीहरु, स्वंयसेवक नागरिकहरु, उद्योगी व्यवसायीहरु लगायत सम्पूर्ण बूढानीलकण्ठ नगरवासीहरुमा हार्दिक धन्यवाद एवं आभार प्रकट गर्न चाहन्छु । संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारको

संयुक्त अथक प्रयत्नबाट महामारीवाट जोखिमपूर्ण अवस्थामा नेपालीहरुको जीवन रक्षा गर्न केन्द्र र प्रदेश सरकारहरुको सहजीकरण र सहयोग प्रति पनि बूढानीलकण्ठ नगरपालिका धन्यवाद सहित ऐक्यवद्धता जाहेर गर्दछ । आगामी केही महिना अझै होशियारी पूर्वक कोरोना संक्रमण विरुद्ध संयुक्त रुपमा सहकार्य र सक्रियता जारी रहने अपेक्षा गर्दछु ।

बूढानीलकण्ठ नगरपालिकामा विगतदेखि संघीय सरकारको बजेटमा झण्डै २० वटा सडकका योजनाहरु संचालनमा छन् । विगत ३।४ वर्षदेखि अधुरो हुदै यस वर्ष सम्पन्न हुने अपेक्षा पनि पुरा हुन सकेन । ८ वटा पार्कहरु निर्माणाधीन छन् । ७ वटा खानेपानी योजना निर्माण चलिरहेको छ । २ वटा ठुला खानेपानी योजना DPR भई सुरु हुने अवस्थामा छन् । न.पा.को मुख्य कार्यालय निर्माण भई संचालन भएपनि यस परिसरका थुप्रै कामहरु रोकिएका छन् । ४ वटा वडा कार्यालय DPR तयार भई सम्झौता गर्न तयारी छ । नगर MTMP, House Numbering, DataInformation, GIS Mapping, उज्यालो बूढानीलकण्ठ, नमूना विद्यालय कार्यक्रम, Digital Data Recording जस्ता महत्वपूर्ण कार्यक्रम योजना बजेट भएपनि सुरु हुन ढिलाइ भएको छ । कपन हयाण्डबल खेल पूर्वाधार, धनेश्वर फुटवल मैदान र प्रस्तावित क्रिकेट मैदान DPR र केही नीतिगत समस्याका कारण गति लिन ढिला भएको छ । नगरपालिकाको चालु आ.व. भित्र सुरु हुन ढिला भएको योजना आगामी आ.व. को बजेट कार्यक्रममा अघि बढाइने गरी बजेट व्यवस्था गरिने छ ।

नगरसभा सदस्यज्यूहरु,
आदरणीय नगरवासी दाजुभाई दिदीबहिनीहरु,

Covid-19 को महामारीवाट प्रभावित भएर आ.व. २०७६।७७ को योजना र कार्यक्रमहरु सुरु हुन नसकेकाको निरन्तरता एवं आ.व. २०७७।०७८ को प्रस्तावित वार्षिक बजेटबाट नगरको साधनस्रोत र आवश्यकता अनुसार योजना छनौट, प्राथमिकीकरण गरी **"स्वच्छ शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"** को नारा अनुसार समृद्ध नगर र सुखी/खुसी, सुशासनयुक्त नगरपालिका निर्माणका लागि निम्न अनुसारका नीति कार्यक्रमहरु र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

(क) सामाजिक क्षेत्रको विकासः

१. स्वास्थ्य सेवाः-

"सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा, स्वस्थ निरोगी नगरवासी"

१. Covid-19 को संक्रमण रोकथाम र यसबाट पर्नसक्ने असरलाई कम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२. महामारीजन्य रोगको खोजपडताल, अनुसन्धान, निगरानी, रोकथाम तथा नियन्त्रण सम्बन्धी विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ ।
३. आगामी आ.व. भित्र १५ वेडको नगर अस्पतालको भवन निर्माण सम्पन्न गरी डेढवर्ष भित्र सेवा सुचारु गरिनेछ ।
४. नगर भित्रका सम्पूर्ण स्वास्थ्य चौकीहरुमा आधारभूत स्वास्थ्य सामग्रीको व्यवस्था गरी सेवामा सुधार गरिनेछ ।
५. स्वास्थ्य चौकीहरुको न्युनतम मापदण्ड पुरा गर्ने गरी आवश्यक भौतिक सुधार गरिने छ ।
६. प्रयोगशाला सेवालाई सुदृढ गरिने छ ।

७. नगरमा सरुवा रोग तथा महामारीको लागि छुट्टै एक केन्द्र (क्वारेन्टाइन र आइसोलेसन) को निर्माण र संचालन गरिनेछ ।

८. नसर्ने रोगको पहिचान, रोकथाम तथा नियन्त्रणको लागि नगरस्वास्थ्य परीक्षण कार्यक्रम लागु गरिनेछ ।

९. प्रत्येक वडामा "शहरी स्वास्थ्य सेवा केन्द्र" बनाउने नीति अनुरुप थप २ वडामा विस्तार गरिने छ ।

१०. स्वास्थ्यसँग सम्बन्धित सबै क्षेत्रको तथ्याङ्क संकलन र सुधारको योजना अघि बढाइने छ ।

११. खोप, परिवार नियोजन, मातृकिशु स्वास्थ्य, विद्यालय स्वास्थ्य सेवा, पोषण, गर्भवती, सुत्केरी, (सुरक्षित मातृत्व), सामूदायिक सरसफाई, पानी जाँच र शुद्धिकरण कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

१२. रोग लागेपछि महङ्गो उपचार खर्च गर्नुभन्दा रोग लाग्नबाट बच्ने पूर्व उपाय र विधि बारे प्रवर्धनात्मक कार्यक्रम संञ्चालन गरिनेछ ।

१३. स्वास्थ्य बीमा कार्यक्रम लागु गरी कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

१४. स्वास्थ्य स्वयमसेविकाहरुलाई ६० वर्ष पछि विदाई बापत प्रोत्साहन सहयोग, एवं कार्यरत स्वयम सेविकाहरुलाई प्रोत्साहन स्वरुप संञ्चार खर्च र बार्षिक रुपमा रु ६०००।- एकमुष्ठ उपलब्ध गराईनेछ ।

१५. नगर क्षेत्रभित्र कार्यरत सम्पूर्ण श्रमिक मजदुरहरुलाई व्यवसायजन्य स्वास्थ्य एवं सुरक्षा प्रदान गर्न निजी क्षेत्र समेतको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

१६. अस्पतालजन्य फोहोरको उचित व्यवस्थापनको लागि उपयुक्त स्थानमा इन्सिनेटर जडान गरिनेछ ।

१७. एक वडा एक जनस्वास्थ्य अभियानका लागि स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२. शिक्षाः- "सर्वसुलभ गुणस्तरीय र जीवनोपयोगी शिक्षा"

१. सार्वजनिक विद्यालयको न्युनतम भौतिक सुधार योजनामा जोड दिइनेछ ।

२. सार्वजनिक गुठी विद्यालयहरुलाई विद्यालय पूर्वाधार सुधार गरी न्यूनतम मापदण्ड सहित नीजि तथा सरकारी विद्यालयसँग सहकार्य गर्न प्रोत्साहित गरिने नीति लिइनेछ ।

३. नीजि क्षेत्रका वहुसंख्यक विद्यालयहरुलाई भौतिक पूर्वाधार सुधार र संस्थागत विकासको लागि एकापसमा सहकार्य र मर्ज को नीतिलाई प्रोत्साहित गरिनेछ ।

४. घरजग्गा भाडामा लिई विद्यालय खोल्न निरुत्साहित गरिनेछ । नयाँ विद्यालयको स्वीकृती आगामी आ.व.मा वन्द गरिने छ ।

५. संस्थागत र सार्वजनिक विद्यालय विच अनुभव आदान प्रदान एवं शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सहकार्य गर्न प्रोत्साहन गरिनेछ ।

६. सार्वजनिक विद्यालयहरुमा ECD कक्षा व्यवस्थित र प्रभावकारी वनाउन सहयोग गरिनेछ ।

७. विद्यालयहरुको अनुगमन र मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी वनाइने छ ।

८. विद्यालयमा प्राविधिक धार संचालन गर्न प्रोत्साहित गरिने छ । छोटो समयको व्यावहारिक तालिम संचालन गरी विद्यार्थीहरुलाई सीप र श्रमको महत्व बढाउने कार्यमा जोड दिइनेछ ।

९. मध्यम खालको Polytechnical Institute खोल्न उपयुक्त पूर्वाधारको लागि पहल गरिनेछ ।

१०. शिक्षण सिकाईमा अप्रत्यक्ष र अनलाईन विधिको प्रयोग विकास र प्रर्वधन गर्न सहयोग गरिनेछ ।

११. शिक्षकहरुलाई आवश्यक तालिम दिने र आफ्नो कार्य र जिम्मेवारी प्रति उत्तरदायी र जवाफदेही वनाउने नीति लिइनेछ ।

१२.सार्वजनिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपातमा शिक्षकहरुको आन्तरिक (दरवन्दी मिलान) व्यवस्थापन गरिनेछ । विद्यार्थी अनुपातका आधारमा न्युनतम शिक्षक दरवन्दी नभएका विद्यालयहरुलाई अनुदान उपलब्ध गराइनेछ ।

३. सामाजिक तथा मानवीय विकासः

१. महिला विकास र सशक्तिकरणको लागि महिला समूह, सन्जाल, टोल समितिहरुलाई क्रियाशील गराइनेछ ।

२. महिलाहरुको बैयक्तिक, आर्थिक र सामाजिक सशक्तिकरणकालागि अनुदान दिने नीतिको सट्टा नगरपालिकाबाट सोझै महिलाहरुको माग, आवश्यकता र प्रभावकारिताको आधारमा कार्यक्रम संचालन गरिनेछ ।

३. दलित, जनजाति, अपाङ्ग अशक्तहरुको लक्षित कार्यक्रममा अनुदानको सट्टा सम्बन्धित संस्थाहरुको राय सल्लाहमा न.पा.वाट कार्यक्रम संचालन गरिनेछ ।

४. समाजमा कलंकको रुपमा रहेको छुवाछुत, भेदभाव जस्ता विभेदयुक्त व्यवहारको अन्त्य गर्न **"बूढानीलकण्ठ नगरपालिकाको सन्देश, जातीय छुवाछुत प्रथाको पुर्ण वन्देज"**भन्ने नारालाई व्यवहारमा कार्यान्वयन गरी छुवाछुत निगरानीको लागि नगर स्तरीय समिति गठन गरी विभिन्न चेतनामूलक कार्यक्रम गरी प्रत्येक वर्ष जेठ २१ गते छुवाछुत उन्मुलन दिवश मनाईनेछ ।

५. बालक्लवहरु गठनलाई प्रोत्साहन गरी नगरस्तरीय बालबालिका संजाल गठन गरी क्रियाशील गरिनेछ ।

६. जेष्ठ नागरिकहरुको लागि प्रत्येक वडामा जेष्ठ नागरिक पार्क वा जेष्ठ नागरिक मिलन केन्द्र वनाउने नीति लिइनेछ ।

७. बालबालिका, जेष्ठ नागरिक, अशक्त, पिछडा र सीमान्तकृत समूदायको उत्थान र सहयोगको लागि उपयुक्त कार्यक्रमको लागि बजेट छुट्टयाई कार्यान्वयन गरिनेछ ।

८. हरेक सामाजिक समितिहरु एवं विद्यालय व्यवस्थापन समितिमा वाल प्रतिनिधिको उपस्थिति अनिवार्य गरिनेछ ।

९. हरेक विद्यालयमा फोहोर व्यवस्थापन, वर्षाको पानी भण्डारण, पुर्नभरण, न्युनतम हरियाली, शौचालय, हातधुने प्रणालीको विकास गर्ने व्यवस्था मिलाउनु पर्ने नीति लिइनेछ ।

१०. अति विपन्न परिवार र महिलाको तथ्याङ्क तयार गरी उनीहरुलाई सहयोग र प्रोत्साहन गर्ने नीति लिइनेछ ।

११. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, लैङ्गिकतामा आधारित हिंसा, मानव वेचविखन तथा ओसार पसार, बालविवाह, बाल श्रम अन्त्यका लागि राष्ट्रिय र प्रादेशिक अभियानसँग जोडी सरोकार निकायसँगको समन्वय र सहकार्यमा सामाजीक रुपान्तरणको अभियान संचालन गरिनेछ ।

१२. किशोर किशोरीहरुको प्रजनन् स्वास्थ्य सुधारका कार्यक्रमहरु संचालन गरिनेछ । सामूदायिक विद्यालयका किशोरीहरुलाई निशुल्क स्यानीटरी प्याड उपलब्ध गराइनेछ ।

१३. सबै खालका धर्म संस्कृति साहित्य, रितिरिवाज, चाडपर्वको संरक्षण गर्दै नगरको मौलिक पहिचान र बिशेषताको संरक्षण, विकास र प्रर्वद्धन गर्ने निति लिइनेछ ।

१४. समान अवसर, न्यायपूर्ण सुशासनबाट मानव समूदायको खुसी र सन्तुष्टिको लागि प्राथमिकता दिइनेछ ।

१५. नगर भित्रका महिला समुहहरुको परिचालन कशक्तीकरण कार्यक्रम साथै विपन्न महिलाहरुको पहिचान गरी कशक्तीकरण र सहयोग गर्ने नीति हुनेछ ।

१६ लैंङ्गिक लेखा परीक्षण पद्धति अवलम्बन गरिनेछ ।

११.“व्यवस्थित भौतिक पूर्वाधार, नगर विकासको मूल आधार”

क. भौतिक पूर्वाधर विकास सम्बन्धमाः

१. बूढानीलकण्ठ नगरपालिकामा निर्माणाधीन रहेका ८ मिटर चौडा रहेका झण्डै डेढ दर्जन सडकहरु मध्ये १ दर्जन सडक आगामी मंसिरसम्म कालोपत्रे पुरा हुनेछ । बाँकी सडकहरु २ बर्षभित्र सम्पन्न हुनेछन् ।

२. नगरपालिकाका निर्माणाधीन २० फिटका सडकहरु प्रदेशको सहयोगमा र नगरपालिकाद्वारा ढलान र कालोपत्रे हुनेछन् ।

३. बस्तीस्तरका ४ मिटर सडकहरु यसबर्ष सहलगानीमा निर्माण गर्ने नीति लिइनेछ ।

४. धोवीखोला करिडोर २ वर्षभित्र भद्रकाली मन्दिरसम्म पुरा गरी स्वच्छ र हरियाली युक्त वनाउन आवश्यक समन्वय गरिने छ ।

५. कुनै पनि सडकमा ढल निर्माण नगरी ग्राभेल र पक्की नगर्ने नीति लिइनेछ ।

६. यस बर्ष ४ वटा वडा कार्यालय भवन वनाउन सुरु गरिनेछ ।

७. ३ वटा सार्वजनिक शौचालय, कोशेली घर, नगर सभाहल, क्यान्टिन यस आ.ब. मा सम्पन्न गरिनेछ ।

८. यस नगरपालिका क्षेत्र भित्र २ वटा खेल पूर्वाधार निर्माणको लागि उपयुक्त जग्गा छनौट गरी कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।

९. कपन क्षेत्र लगायत सधैं डुवान हुने अन्य बस्ती क्षेत्रका खोला सडक क्षेत्रहरुमा स्थानीय सहमतीमा दीगो व्यवस्थापनको लागि प्रस्ताव बनाई ३ तहको सरकारसँग मिलेर कार्यान्वयनमा पहल गरिनेछ ।

१०. चुनिखेलको खाली जग्गामा बस्ती विकास आयोजना र विष्णुमती करिडोर क्षेत्रमा करिडोरसँगै एकिकृत बस्ती बिकास आयेाजना प्रस्तावको DPRतयार गरी अघि वढाइने छ ।

११. निर्माण कार्य भैरहेका तर ठेकेदारको कारण ढिला भएर अँधुरो रहेका सडकका कार्य पुरा गर्न आवश्यक पहल गरी पुरा गरिनेछ ।

१२. लुडेखोला करिडोर, न्युरोखोला करिडोर, च्यानेखोला करिडोर, माथिल्लो धोवीखोला करिडोरको योजना अघि वढाउन प्रदेश सरकार, शहरी विकास मन्त्रालय र अधिकार सम्पन्न वागमती आयोजना सँग थप बजेटको लागि बिशेष पहल गरिनेछ ।

१३. गोल्फूटार -कपन - चुनिखेल -चपली - बूढानीलकण्ठ - च्यासिन्डोल -हेपाली हुँदै गोल्फुटार जोड्ने नगर चक्रपथको विष्णुमती करिडोर क्षेत्रमा केही भागको रेखाङ्कन निश्चित गरी जोड्न शहरी विकास मन्त्रालयसँग विशेष पहल गरिनेछ ।

१४. व्यवस्थित र सुरक्षित शहरको लागि MTMP GIS System बाट Mapping, House numbering साथै शहरी वत्ती र CC Camera को लागि बजेट सहित कार्य सुरु गरिनेछ ।

१५. बूढानीलकण्ठ सँग्रहालय सहित सिर्जनाग्रामको लागि जमीन यकिन गरी कार्य सुरु गरिनेछ ।

१६. बू.न.पा २ मा धोविखोला करिडोरमा जोडिने गरी तरकारी बजार स्थल र बसपार्कको DPR तयार गरी सकिएकोमा जग्गा सम्बन्धी समस्या मिलाई यसबर्ष कार्य सुरु गरिनेछ ।

१७. शिवपुरी जल भण्डार संरक्षण, भण्डारण र मूल सडकको वितरण लाइन सुधार गर्न संघीय सरकारसँग गत बर्ष नै प्रस्ताव भै सकेको र यस बर्ष कार्यान्वयन सुरु हुनेछ ।

१८. बूढानीलकण्ठ क्षेत्र विकाससमिति गठन गरिनेछ । बूढानीलकण्ठ मन्दिर लगायतका ऐतिहासिक, पुरातात्विक, पौराणिक, धार्मिक एवं संस्कृतिको संरक्षण एवंप्रवर्धन गर्न र तिनको उचित विकास गर्न पुरातत्व विभागसँग समन्वय गरी ठोस योजना सहितको गुरुयोजना कार्यको जिम्मेवारी दिईनेछ । साथै यस गुरुयोजना अर्न्तगत धरमपुर बस्ती, नौलिङ्गेश्वर, रुद्रेश्वर, विष्णुपादुका, बागद्वार लगायतका समिटिने गरी कार्यादेश समेत दिईनेछ । बूढानीलकण्ठ मन्दिरको गुरुयोजना कार्यान्वयन गर्न यसैवर्ष ठोस योजना बनाई आवश्यक पर्ने रकमका लागि संघीय सरकारसँग पहल गरिनेछ । त्यसैगरी धार्मिक तथा पर्यटकीय महत्व राख्ने गुम्बा क्षेत्रको विकासमा समेत उचित ध्यान दिईने छ ।

१९. बू.न.पा वडा ५ देखि ३,१,२,१३ हुँदै ११ जोड्ने पर्यटकीय पदमार्ग र साइकल मार्गको DPR तयार गरी क्रमश कार्यान्वयन गर्दै जाने कार्य सुरु हुनेछ ।

२०. निर्माण भएका भौतिक पूर्वाधारहरुको उचित संरक्षण मर्मत सम्भार नीति सहित उपभोक्ताहरुलाई जवाफदेही बनाउने नीति बनाइने छ ।

ख. आर्थिक विकासको सम्बन्धमा:

"कृषि, पर्यटन, सेवामूलक व्यवसाय र स्वरोजगार, नगर सम्वृद्धिको मूल आधार"

१. बू.न.पा १३ का केही क्षेत्रलाई कृषि पकेट क्षेत्र घोषणा कार्यको लागि छलफल अघि बढाई कम्तिमा १० वर्षको लागि आधारभूत पूर्वाधार विकास गर्ने नीति लिइनेछ ।

२. विद्यमान कृषि व्यवशायीहरुलाई विविध सहयोग मार्फत प्रोत्साहन कार्यक्रम लागु गरी उत्पादन बृद्धि र बजार व्यवस्थामा सहजीकरण गरिनेछ ।

३. कृषि र पशुजन्य बस्तुको उत्पादन बजारीकरणमा पूर्वाधार निर्माण गर्न र सहकारीकरणमा सहयोग पुऱ्याउने नीति लिइनेछ ।

४. निजी क्षेत्रसँगको सहकार्यमा तरकारी बजार व्यवस्थित गर्ने नीति लिइनेछ ।

५. धोवीखोला र विष्णुमती करिडोर क्षेत्रमा थोक तरकारी विक्री स्थल बनाउने कार्यको लागि जग्गा व्यवस्था गरी आगामी आ.व.बाट सुरु गरिनेछ ।

६. पशुपन्क्षी बजार, मासु उत्पादन र बिक्रीको लागि (PPP Model)मा काम गर्न बजेट व्यवस्था गरिनेछ ।

७. सहकारी संस्थाहरुको सहयोगमा रोजगारमूलक र उत्पादनमूलक कार्यमा लगानी गर्न प्रोत्साहित गराउने र सहकार्य गर्ने नीति लिइनेछ ।

८. सहकारी पसल, सुपथ मूल्य पसल, उपभोक्ता सहकारी पसल खोल्न नीजि र संस्थागत सहकार्यको लागि अनुदान व्यवस्था गर्ने नीति लिईने ।

९. पशुपंक्षी व्यवसायीहरुलाई पशु स्वास्थ्य उपचारमा बिशेष सहयोग पुऱ्याउने नीति लिइने ।

१०. COVID -19ले समस्यामा पारेको पर्यटन व्यवसाय प्रवर्धन प्रचार प्रसार र पुनर्जीवन गर्न बूढानीलकण्ठ पर्यटन बोर्ड कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

११. स्वरोजगार र आय आर्जनको लागि आवश्यक जनशक्ति उत्पादन गर्न सीप विकास र तालिमको व्यवस्था गरिनेछ । तालिम न.पा. बाट र संस्थागत साझेदारीमा संचालन गर्ने नीति लिइने छ ।

१२. नगरभित्र रहेका श्रमिकहरु र रोजगारीको दर्ता गरी सूचीकरण गर्ने र स्थानीय श्रम सीपको प्रयोग गर्न प्रोत्साहित गरिने नीति लिइने छ । नगरपालिकामा सूचीकृत श्रमिकहरुको वर्गीकरण गरी सहयोग र सहजीकरण गर्ने कार्यविधि वनाइने छ ।

१३. नगरका सार्वजनिक जग्गाहरुको पहिचान, संरक्षण र उपयोगको लागि अतिक्रमित जग्गाको अभिलेख संकलन गरी विशेष समिति बनाई क्रियाशील बनाईनेछ ।

१४. कृषि र घरेलु कामदारको विवरण तयार गरी उनीहरुको ज्याला र रोजगारको नीति बनाई लागु गरिनेछ ।

१५. फोहरबाट कम्पोष्ट मल बनाई कौशीखेती गर्न प्रोत्साहन गरी १००० घरमा कौशी खेती गरी **"आफ्नो भान्सामा आफ्नै अर्गानिक तरकारी"** कार्यक्रम सुरु गरिने छ ।

१६. **"नगरमै व्यवसाय, आफ्नो लागि, आफ्नै उत्पादन प्रयोग गरौं"** कार्यक्रम Public / Private सहकार्यमा स्टेशनरी सामग्री, विद्यालय पोशाक, खाद्य मसला, दुग्धजन्य उत्पादन र तरकारी बजारीकरणको प्रवर्धनमा जोड दिइने छ ।

१७. युवाहरुलाई स्वरोजगार तालिम, व्यवशाय उत्प्रेरक तालिम सहित, प्रविधिजन्य सेवामूलक व्यवशाय गर्न सहकारी, बैंक, वित्तीय संस्था, कोषसँग समन्वय गराई प्रोत्साहन र सहजिकरण गर्ने नीति लिइने छ ।

१८. बूढानीलकण्ठ रोजगार सेवा केन्द्रलाई पूर्वाधारयुक्त बनाई रोजगार सिर्जना र आयमूलक कार्य गर्न **नेकोस**सँग सहकार्य गरी अधि वढ्ने सम्झौतालाई प्रभावकारी वनाइने छ ।

१९. नगरमा स्थायी बसोबास गर्ने नागरिकहरुको कूनै काम नपाई दैनिक जीवन धान्न नसक्ने विपन्न गरीब बेरोजगारहरुको सूची संकलन गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अर्न्तगत न्युनतम् १०० दिनको रोजगार उपलब्ध गराउने व्यवस्थालाई प्रभावकारीपूर्वक निरन्तरता दिइनेछ ।

२०. नगरमा युवा तथा शैक्षिक बेरोजगारहरुको तथ्याङ्क संकलन गरी सामूहिक रुपमा उद्यमशीलता एवं रोजगार उत्प्रेरणा तालिम दिई परियोजना निर्माण एवं र कार्यान्वयनमा न्यूनतम विउ पुँजी (Seed Fund) उपलब्ध गराउने नीति लिइनेछ ।

२१. रोजगारी सिर्जना, उत्पादन मूलक तालिम र नगरको आवश्यकता एवं माग अनुसार संचालन गर्न सक्ने स्थानीय परियोजना छनोट गरी प्रोत्साहन पूँजी अनुदान दिने व्यवस्थाको लागि बजेटमा व्यवस्था गरिनेछ ।

२२. सामूदायिक बन वा सार्वजनिक जग्गामा कुनै उत्पादनमूलक व्यवशाय गर्ने कार्यक्रम प्रस्ताव भई आएमा स्वीकृत कार्यविधिअनुसार सहयोग पुऱ्याउने नीति लिइनेछ ।

२३. नगरपालिका क्षेत्रभित्र जग्गा खरीद गरी कम्पाउण्ड लगाई जग्गा बाँझो राख्नेको, खेती कार्य नगरी आफ्नो जग्गा बाझो राखेको तथा सार्वजनिक जग्गा खेती गर्न चाहानेले माग गरेमा भूमि बैंकको अवधारणा अनुसार खेती गर्न दिईनेछ ।

२४. नगरपालिका भित्र व्यक्तिहरुले पालण पोषण गरेका गाई/भैसी/घोडा/कुकुर को विवरण आ.व. ०७७।०७८ देखि नगरपालिकालाई दिनु पर्ने व्यवस्था गरिएको छ ।यस सम्बन्धी निर्देशिका छिट्टै तयार गरिनेछ ।

ग. वन वातावरण र फोहर मैला सम्बन्धमा:

"स्वच्छ शान्त समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ" को नारा अनुरुप बूढानीलकण्ठ नगरपालिकामा आ.व. २०७७/०७८ मा निम्न अनुसार नीति र कार्यक्रम अघि वढाइनेछ ।

१. न.पा भित्र रहेका सामूदायिक वन समितिहरुसँग समन्वय र सहकार्य गरी वन संरक्षण प्रवर्धन, आयमूलक कार्ययोजना लागु गरिनेछ । वन स्थानीय तहको सम्बृद्धिको वाधक होइन, साधक बनाउन सहकार्य गर्ने नीति लिइनेछ ।

२. वन क्षेत्रभित्र व्यवसाय, कार्यमूलक परियोजना, पर्यापर्यटन पूर्वाधार बिकास गरी रोजगार प्रवर्धन गर्न सकिने नीति र बजेट व्यवस्था गरिने छ ।

३. शहरी हरियाली प्रवर्धनको लागि स्थानीय नर्सरीहरु र वातावरणीय संस्थाहरुसँग सहकार्य गर्ने नीति लिइनेछ ।

४. फोहर व्यवस्थापन, शहरी हरियाली र Organic कौशी तरकारी खेतीबाट बातावरणमा सकारात्मक विकासको लागि यस आ.ब.मा १००० Compost Bin सहितको कार्यक्रमको लागि बजेट ब्यवस्था गरिनेछ ।

५. प्रत्येक घरमा जग्गा अनुरुप २ देखि ५ विरुवा अनिवार्य लागाउनु पर्ने नीति लागुगरिने छ । नयाँ घर निर्माण सम्पन्न विरुवा रुख लगाउने कुरा कडाईका साथ लागु गरिनेछ ।

६. सार्वजनीक जग्गामा भएका परम्परागत रुख विरुवा जंगल व्यक्तिगत प्रयोजनको लागि विना अनुमती काट्ने, नोक्सान पुऱ्याउने परम्परागत चलनमा सुधार ल्याउन सार्वजनिक जग्गाको वन संरक्षण र उपयोग सम्बन्धी कार्यविधि निर्देशिका तयार गरी संरक्षण गर्ने नीति कडाईका साथ लागु गरिनेछ ।

७. खाली जग्गाहरुमा समूदायद्वारा वृक्षारोपण गरी संरक्षण गर्ने नीति लिइनेछ ।

८. नगरमा हाल गरिदै आएको फोहर संकलन व्यवस्थापन नीतिलाई निर्देशिका बनाई बैज्ञानिक व्यवस्थित एवं व्यवशायिक बनाइनेछ ।

९. घना बस्ती भएको कारण फोहर व्यवस्थापन केन्द्र बनाउन समस्या रहेको हुँदा प्रत्येक घरबाट उत्पादन हुने फोहर न्यूनीकरण र छुट्टिकरण (Segregation) गरी 3R (Reduce, Recycle and Reuse) नीति सहित कम्पोष्ट मल बनाउने केन्द्र निर्माणमा जोड दिइनेछ ।

१०. फोहर व्यवस्थापनमा काम गर्ने श्रमिकहरुलाई सहयोग र प्रोत्साहन गर्ने कार्यक्रम राखिनेछ ।

११. नगरका हरेक वडा र टोलहरु सफा र व्यवस्थित राख्ने कार्यमा नागरिक, टोल सुधार समिति र संघ संस्थाहरुलाई जिम्मेवारी र जवाफदेही बनाउन आचार संहिता जारी गरिनेछ ।

१२. नगरका सार्वजनिक जग्गाहरुको पहिचान संरक्षण र उपयोगको लागि अतिक्रमित जग्गाको अभिलेख संकलन गरी विशेष समिति बनाई क्रियाशील बनाईनेछ ।

१३. निर्माणाधीन धोवीखोला करिडोरमा बन्ने योजनासँग समन्वय र सहकार्य गरी सुन्दर र हरियाली बनाइनेछ ।

१४. नगरका फराकिला र उपयुक्त सडकहरुमा हरियाली, विकासका योजना कार्यान्वयन गरिनेछ ।

१५. प्रस्तावित र निर्माणाधीन पार्कहरुमा हरियाली खुल्लाक्षेत्र र सौन्दर्यकरणमा विशेष ध्यान दिइनेछ ।

१६. नगर क्षेत्रभित्र संचालनमा रहेका पार्क र हरियालीयुक्त जग्गालाई समिति मार्फत दिगो व्यवस्थापन संरक्षण, सम्वर्धन र संचालन गर्ने नीति बनाइने छ ।

२. विपद् व्यवस्थापनको सम्बन्धमा:

१. नगरपालिकाको विपद् व्यवस्थापन कार्ययोजना परिमार्जन सहित तयार गरिनेछ ।

२. प्रत्येक वडामा रहेका विपद् व्यवस्थापन समितिलाई जिम्मेवार र दायित्व बारे दक्ष र सशक्त बनाई विपद उद्धार स्वयंसेवक निर्माण गरिनेछ ।

३. प्रत्येक वडामा विपद व्यवस्थापन केन्द्र, निर्माण र आवश्यक सामग्रीको व्यवस्थापन गर्ने नीति बनाई SURE कार्यक्रमसँग सहकार्य गरी लागु गरिनेछ ।

४. विपद पूर्व तयारी, राहत, उद्धार र पुर्नस्थापना कार्ययोजना तयार गरिनेछ ।

५. COVID -19 को प्रभाव कम गर्न र यसबाट आगामी दिनमा गर्नुपर्ने आवश्यक कार्य योजनाको लागि विषयगत क्षेत्र अनुसार नै होसियार साथ आवश्यक कार्य योजना कोष र बजेटको व्यवस्था गरिनेछ ।

६. आ.व. ०७७/०७८ मा १ नयाँ एम्बुलेन्स थप गरी संचालन गरिनेछ ।

७. विपदको बेलामा प्रयोग गर्न सकिने र बहुप्रयोग गर्न मिल्ने सामूदायिक भवनको निर्माण गर्न बजेटको व्यवस्था मिलाईने छ ।

८. नगरका हरेक विकास निर्माण र नीति योजना बनाउँदा कार्यान्वय गर्दा जोखिम न्यूनीकरण बारे मूल्याङ्कन र विश्लेषण गरी कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

९. नगरका भौतिक पूर्वाधार संरचना निर्माण गर्दा भौगोलिक स्थिति, जमीनको उचाई, र बनावट, विजुली जडान, स्यानेटरी फिटिङ्ग, आपतकालीन अवस्था आदिको विशेष योजनामा ध्यान दिनुपर्ने गरी निर्देशिका तयार गरिनेछ ।

१०. विद्यालय भवन, स्वास्थ्य कार्यालय, सामूदायिक भवन, व्यापारिक मल, बहुतल्ले भवन निर्माण गर्दा ध्यान पुऱ्याउनुपर्ने नीतिहरु विशेषज्ञ प्राविधिकबाट तयार गरी जारी गरिनेछ ।

११. न.पा. को लागि आवश्यक पर्ने खाद्य सामग्री, तरकारी जस्ता बस्तुको थोक भण्डारण र बजार स्थलको लागि दीर्घकालीन योजना बनाइ लागुगरिनेछ ।

१२. बूढानीलकण्ठ नगरपालिका र नेपाल रेडक्रस सोसाईटीसंगको सम्झौता भई संचालित SURE कार्यक्रमलाई प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

घ. प्रशासन, संरचना र शुसासन सम्बन्धमाः

"पारदर्शी प्रशासन, जनतालाई शुसासन, /जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारी, जनताको सेवामा निष्पक्ष र सदाचारी" को मर्मलाई ध्यान दिई स्थानीय सरकार बूढानीलकण्ठ नगरपालिकाबाट निम्न नीति र कार्यक्रम अवलम्बन गरिनेछ ।

१. नगरपालिकाबाट प्रदान गरिने प्रशासनिक सेवा र गुनासोलाई प्राथमिकताका साथ सम्बोधन गर्न आवश्यक सँगठन संरचना, कार्यविधि र जिम्मेवारी तय गरी जनताको सेवा र सन्तुष्टि प्रति जवाफदेही बनाइने छ ।

२. सँगठन संरचना, TOR, जवाफदेहिता अनुगमन मूल्याङ्कनको विधि तयार गरी नागरिक वडापत्र जारी गरिनेछ ।

३. जनताको उजुरी, गुनासो सुनुवाई छिटो छरितो गर्ने व्यवस्था मिलाइने छ ।

४. दैनिक प्रशासन, कर तथा राजस्व एवं आर्थिक कारोवारलाई छिटो छरितो पारदर्शी एवं व्यवस्थित गर्न विद्युतीय प्रविधिको प्रयोगलाई बढावा दिइनेछ ।

५. वडा कार्यालयबाट प्रदान गरिने सेवा, शिक्षा स्वास्थ्य सेवालाई Online प्रविधिबाट अनुगमन अभिलेखिकरण प्रतिवेदन प्रविधि सुरु गरिनेछ ।

६. नगरका कार्यालयको व्यवस्थापनको लागि आवश्यक पूर्वाधार सहित व्यवस्थित गर्दै जान ४ वटा वडा कार्यालय भवन र मुख्य कार्यालयमा थप भवन पूर्वाधार निर्माण गरिनेछ ।

७. कार्यालयमा आउने सेवाग्राहीलाई सहजीकरण र सहयोग पुऱ्याउन हेल्प डेस्क र स्वंयसेवकहरुको परिचालन गर्ने कार्यक्रम व्यवस्थित गरिने छ ।

८. कर्मचारीहरुको क्षमता अभिवृद्धीको लागि तालिम उच्च मनोवल बनाई राख्न (High Morale) र प्रोत्साहन (Motivation) सहित आफ्नो काम प्रति जिम्मेवार बनाइने छ ।

९. कर्मचारी नियमावलीबाट तोकिएको सेवा सुविधाको साथ थप जिम्मेवारी र कामको लागि थप प्रोत्साहन प्रदान गरिनेछ ।

१०. काम गरे पनि नगरेपनि सेवा सुविधा दिने र लिने प्रवृतिलाई निरुत्साहित गरी मूल्याङ्कनको आधारमा प्रोत्साहन गर्ने पद्धति बनाइने छ ।

११. अस्थायी र करार सेवामा रहेका दक्ष र इमान्दार कर्मचारीहरुको मूल्याङ्कन गरी करार अवधि थप्ने र सेवा र सँगठन प्रति वफादार नभएको पाइए म्याद नथप्ने नीति अवलम्बन गरिनेछ ।

१२. आफ्नो पद र जिम्मेवारी अनुसार काम नगर्ने र गर्न नसक्ने स्थायी कर्मचारीहरुलाई पनि आवश्यक विभागीय कार्यवाही गर्ने नीति कडाइका साथ लागु गरिनेछ ।

१३. स्थानीय तहबाट दिइने प्रोत्साहन भत्ता कामको जिम्मेवारी, वोझ, कामप्रतिको वफादारी, पदीय क्षमता भूमिका सुशासन समितिको सिफारिशको आधारमा दिने नीति अवलम्बन गरिनेछ ।

१४. यस नगरपालिका क्षेत्र भित्र जग्गा प्रशासन हेर्ने जिल्ला स्थित नापी तथा मालपोत प्रशासन पूर्वाधार सहित स्थापित गर्न यसै आ.व.मा प्रारम्भ गरिनेछ ।

१४. जनता र सेवाग्राहीलाई दुख दिने, कामवापत लेनदेन, बकस, खर्च माग्ने जस्ता कुनै कर्मचारी, जनप्रतिनिधि प्रति शुन्य शहनशीलता अपनाइने छ ।

१५. राजश्व निर्धारण, असुली, संकलन विधिलाई पारदर्शी, सरल र वैज्ञानिक वनाइने छ । राजश्व प्रणालीलाई अनलाईन प्रणालीमा आधारीत बनाइनेछ ।

ङ. विविध (विशेष प्राथमिकता क्षेत्र):

क. युवा विकास र खेलकूद सम्बन्धमा **"युवाको जाँगर सम्वृद्धिको आधार"** युवाहरु देशका जनशक्तिको मेरुदण्ड हुन । विकास र सम्वृद्धिका अभावमा विदेशमा गएर पसिना बगाउन बाध्य छन् । तसर्थ हाम्रो नगरपालिकामा युवा परिचालन र विकासमा निम्न नीति अवलम्बन गरिनेछ ।

१. माध्यमिक शिक्षामा नै सीपयुक्त र जिवनोपयोगी ज्ञान र तालिम (अल्पकालीन) सहित व्यवहारिक शिक्षा नीति वनाउन विद्यालयहरुलाई सहजिकरण गरिनेछ ।

२. छोटो अवधिको व्यवसायिक तालिमको विकास र प्रवर्धन गरिनेछ ।

३. विद्यालयस्तर र बाहिर आएका युवाहरुलाई व्यवशाय उत्प्रेरक तालिम, अन्तरक्रिया, काउन्सिलिङ्ग कार्यक्रम चलाउने । COVID -19 बाट रोकिएको युवासँग मेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. स्थानीय विविध विकास र सामाजिक विकासका कार्यक्रममा स्वयंसेवक सेवा मार्फत आफ्नो जिम्मेवारी र कर्तव्य बोध गराउन युवा परिचालन गर्ने नीति बनाइने छ ।

५. समाजका भिन्न भिन्न विधामा च्याम्पियन समूह बनाएर आर्थिक खर्च समेत व्यवस्था गरि परिचालन गरिनेछ ।

६. विदेशबाट फर्किने सीप युक्त युवाहरुलाई व्यवशायमा प्रोत्साहित गर्न सहजीकरण र सहयोग गर्ने नीति लिइनेछ ।

७. सरकारी तथा गैरसरकारी संघ संस्था र व्यवशायिक कम्पनीहरुसँग सहकार्य गरी निश्चित समय कामको लागि अध्ययन नीति बनाई जीवन निर्वाह सीप सिकाउने कार्यक्रम संचालन गरिनेछ ।

८. युवाहरुको समूहबाट नमूना व्यवशाय प्रस्तावमा नगरपालिकाबाट आर्थिक सहयोग अनुदान कार्यक्रमको व्यवस्था सहित स्वरोजगार प्रवर्धनमा वृद्धि गरिनेछ ।

९. सूचना प्रविधी सँग सम्बन्धित रोजगार सम्भावनाको खोजी गरी युवालाई रोजगार र स्वरोजगारका अवसर प्रदान गरिनेछ ।

१०. नगर भित्र रहेका विभिन्न खेलसँग सम्बन्धित राष्ट्रिय खेलाडीहरुको सूची तयार गरी उहाँहरुको सीप, ज्ञान, क्षमता प्रयोग गर्ने र उचित सम्मान प्रोत्साहन तथा उपयोग गर्ने नीति कार्यक्रम बनाईनेछ ।

११. सेवामूलक व्यवशायहरु जस्तैः विजुली जडान, विजुली मर्मत सम्भार, प्लम्बिङ, Painting बेल्डिङ्ग, डेकोरेटिङ्ग, Agro vet, Smart व्यापार आदि क्षेत्रबारे सम्भावना र विश्वास जगाउने कार्यक्रम बनाई लागु गरिनेछ ।

१२. श्रम प्रति सम्मान र विश्वास जगाउने र व्यवशाय सानो ठुलो नभनी 'Smart Start' गर्न प्रोत्साहित गर्ने नीति बनाई लागु गरिनेछ ।

१३. COVID -19 मा सक्रिय सहभागिता जनाउने युवाहरुको वडा र टोलको आधारमा विपद व्यवस्थापन सञ्जाल निर्माण गरिनेछ ।

१४. बूढानीलकण्ठ नगरमा फुटवल, भलिवल वास्केटबल, फुटसल, ब्याडमिन्टन, टेबुल टेनिसको लागि उपयुक्त पूर्वाधार बन्न सक्ने ठाउँको अध्ययन गरी सूची सार्वजनिक गरिनेछ ।

१५. खेल पूर्वाधार मध्ये कपन खेलकूद पूर्वाधार, घनेश्वर फुटवल मैदान, क्रिकेट मैदान, गोल्फूटार खेल मैदान, चुनिखेल मैदान, बूढानीलकण्ठ स्कुलको खेल पूर्वाधार मध्ये स्रोत साधन, जग्गा सम्बन्धी निर्णय सहमतिको आधारमा निश्चित कार्यक्रमको लागि बजेट व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

१६. नगरमा विभिन्न विधाका मार्सल आर्टका खेलाडी समूहहरुलाई बेग्ला बेग्लै जग्गा कर्वडहल र सहयोगको माग सम्बन्धमा सबैसँग छलफल गरी एकीकृत विकास र प्रवर्धनमा सहजीकरण गर्ने नीति लिइने छ ।

१७. नगर भित्रका विविध खेल क्षेत्रका राष्ट्रिय र प्रादेशिकस्तरका खेलाडीहरुसँग सामूहिक छलफल, अन्तक्रिया साथै सहकार्य गर्ने नीति लिइनेछ ।

१८. नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगिता लगायत विविध खेलको आन्तरिक र बाह्य प्रतियोगिताहरु आयोजना र सहभागीता वृद्धि गरिनेछ ।

१९. खेलकूद नीति, विकास र प्रवर्धन कार्ययोजना तयार गरिने छ ।

ख. युवा विद्यार्थी परिचालन तथा सशक्तीकरण सम्बन्धमाः

१. नगरका क्लव तथा युवा सँगठनको सूचीकरण गरी युवा तथा क्लव सम्मेलन आयोजना गरी समस्या पहिचान र समाधान नीति बनाउने ।

२. विभिन्न विधाका खेल प्रेमी युवाहरुको लागि खेल प्रतियोगिता गर्ने/गराउने ।

३. नयाँ सीप क्षमता, प्रतिभा भएका युवाहरुको पहिचान गरी आवश्यक सहयोग र प्रोत्साहन गर्ने ।

४. युवा उद्यमशीलता तथा रोजगारको लागि परियोजना प्रस्ताव निर्माण गरी व्यावशायिक बनाउन सहजीकरण गर्ने । आम उत्प्रेरणा भेला संञ्चालन गर्ने ।

५. नगरको योजना छनौट, निर्माण, प्राथमिकीकरण र युवा सहभागिताको लागि युवा संसद बैठक आयोजना गर्ने ।

६. युवा, खेलकूद उत्प्रेरणाको लागि युवा महोत्सव आयोजना कार्यक्रम संचालन गर्ने ।

७. युवाहरु विच बढ्दो कुलत र दुर्व्यसनी नियन्त्रणको लागि सचेतना अभियान संञ्चालन गर्ने ।

८. नगरका विविध खेल तथा प्रतिभा विद्यामा सक्रिय युवाहरुको लागि प्रोत्साहन र सम्मान कार्यक्रम बनाउने ।

९. युवाहरुको लागि उपयुक्त जग्गा छनौट गरी कवर्ड हल वा व्यायामशाला निर्माण गर्ने ।

१०. यस आ.व. भित्र युवासँग मेयर कार्यक्रम अर्न्तगत युवा परिचालन नीति बनाउने ।

ग. शहरी विकास योजना सम्बन्धमाः

बूढानीलकण्ठ नेपालको राजधानी काठमाडौंको उत्तरतर्फ रहेको धेरै र सबै क्षेत्रका नागरिकहरु बसोबास गर्ने नगरपालिका हो । यहाँ देशका वरिष्ठ, उच्च पदस्थ, विज्ञ व्यवसायीहरुको समेत उल्लेखीय बसोबास रहेको छ । यस न.पा.को भूगोलमा जग्गा घडेरीको उच्च माग रहेको छ । बाँकी रहेको केही खाली कृषि योग्य भूमिलाई आवास क्षेत्र बनाउन तिव्र दवाव परेको छ । बाँकी रहेको वडा नं. १३ को खाली जमीनलाई कृषि पकेट क्षेत्र बनाइ कम्तीमा १० बर्ष कृषि विकास को पूर्वाधार बनाउने प्रयत्न हुनेछ । तर कृषि पकेट क्षेत्र बनाउन जग्गा धनी कृषकहरु तयार हुन नसके व्यवस्थित आवास क्षेत्र बनाउने योजना बढाइने छ । कृषि क्षेत्र र आवास क्षेत्र दुवै किटान नगरी जथाभावी किसिमले कित्ताकाट र घर निर्माण गर्न दिने हो भने सुन्दर शहर बनाउने नगरवासीको सपना पुरा हुदैंन । तसर्थ, **"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"** बनाउन निम्न नीतिहरु अवलम्बन गरिनेछ ।

१. ५० रोपनी भन्दा बढी क्षेत्रफलका खाली जग्गा क्षेत्रमा बस्ती विकास गर्न चाहने जग्गा धनी वा व्यवशायीहरुले प्राविधिक डिजाइन तयार गरी वडाको सहमतिमा सामूहिक माग भएमा न.पा. ले मापदण्ड अनुसार आवश्यक सहयोग र सहजीकरण गर्नेछ ।

२. १०० रोपनी भन्दा माथि क्षेत्रफल खाली भएको निश्चित तोकिएको क्षेत्रमा स्थानीय र जग्गा धनीहरुको सल्लाह र सहमतिमा विशेष पर्यटन क्षेत्र विकास वा व्यवस्थित शहरी विकास कार्यक्रमको योजना विना अव्यवस्थित रुपमा घरजग्गा कित्ताकाट र घर निर्माण गर्न रोक लगाउने नीति बनाइने छ । वस्ती वरपरका खाली क्षेत्रलाई व्यवस्थित वनाउन आवश्यक योजना र नीति वनाई लागु गरिने छ ।

३. बूनपा १३ का क्षेत्र, धोवीखोला करिडोर छेउका केही क्षेत्र र विष्णुमती करिडोरका केही क्षेत्रमा यस आ.ब. मा नगर विकास नीति बनाइ सार्वजनिक गरिनेछ ।

४. भवन निर्माण मापदण्ड र आचारसंहिता कार्यविधि परिमार्जन सहित लागु गरिनेछ ।

६. घर निर्माण गर्दा २ - ५ वटा रुख रोप्नु पर्ने र बर्षातको पानी भण्डारण, अनिवार्य Septic Tank निर्माण कडाईका साथ लागु गरिनेछ ।

७. निश्चित टोल र सडकहरुमा विशेष पहिचान सहित घर निर्माण शैली र रङ्गरोगन नीति बनाइनेछ ।

८. भिरालो, गहिरो, होचो, खोला छेउ, जंगल छेउ, सडक छेउका जग्गामा विकास निर्माण गर्दा उपयुक्त नीति सहित भू उपयोग नीति जारी गरी जोखिम न्यूनीकरण निर्देशिका जारी गरिने छ ।

घ. सहकारी विकास प्रर्वधन संचालन र नियमहरु:

१. स्थानीय तहमा संचालित सहकारीहरुको गठन, संचालन र नियमन कार्यविधि आवश्यक परिमार्जन र व्यवस्थित गरिनेछ ।

२. सहकारीको अनुगमन गरी ऐन तथा नियमको पलना भएको नपाइए दर्ता खारेज गर्ने प्रक्रिया अगाडि बढाइनेछ र राम्रो गर्नेलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

३. सहकारीहरुको संख्यात्मक भन्दा गुणात्मक विकास गर्न एकापसमा एकीकरणलाई प्रोत्साहित गरिनेछ ।

४. सहकारीको ऋण लगानी उत्पादन र रोजगारी वृद्धिको क्षेत्रमा गर्न सहजीकरण गरिने छ ।

५. सहकारीहरुले सामूहिक रुपमा विषयगत व्यवसाय गर्न प्रेरित गरिनेछ ।

६. स्थानीय माग र आवश्यकताका आधारमा **"एक सहकारी एक सेवा"** कार्यक्रम बनाउन प्रोत्साहित गरिनेछ ।

७. सहकारी लेखा परीक्षण ढाँचा र पद्धतिमा एकरुपता कायम गर्ने नीति बनाइने छ ।

८. सहकारी विच छलफल, सीप ज्ञान आदान प्रदान र सहकार्य गर्न सहजीकरण गरिनेछ ।

९. सहकारी विवरणको अनुगमनको लागि अनलाईन Reporting Systemको पूर्वाधार वारे छलफल र कार्यान्वयन गर्न सुरु गरिनेछ ।

१०. सहकारी संघ र स्थानीय सहकारी कर्मी प्रतिनिधिहरुसँगको सहकार्यमा सहकारी विकास र प्रवर्धनको कार्यक्रम संञ्चालन गरिनेछ ।

११. समस्याग्रस्त देखिएका सहकारी व्यवस्थापन र वचतकर्ताको बचत रकम सुरक्षाको लागि आवश्यक योजना कार्यन्वयन गरिनेछ ।

ङ. पर्यटन पूर्वाधार, विकास र प्रवर्धन सम्बन्धमा:

"पर्यटन पूर्वाधार सम्मृद्धिको मूल आधार"हाम्रो बूढानीलकण्ठ, स्थानीय सरकारसँग रहेको भौगोलिक क्षेत्रको अवस्था, यहाँ विद्यामान स्रोत साधन र जनशक्तिको सही र समुचित उपयोगबाट नै यसको समृद्धि र खुसी प्राप्त गर्ने हो । यहाँ ३ दशक पहिलेसम्म ७० प्रतिशत कृषिमा निर्भरता थियो भने हाल मात्र १५ देखि २० प्रतिशत मात्र कृषि व्यवसाय छ । कृषि पछि कुनै न कुनै बैकल्पिक पेसा गर्नु पर्ने वाध्यता छ । पूर्ण रुपमा कृषिमा आधारित परिवार अत्यन्त न्यून छ । जसको खेत जमीन छ, उ स्वयं कृषि पेशा भन्दा अन्य पेशा तथा व्यवसायमा निर्भर छ । जग्गा धनी भन्दा अस्थायी बसोबास गर्ने नागरिकहरुले बूढानीलकण्ठको कृषि व्यवसाय धेरै धानेको देखिन्छ । तसर्थ बूढानीलकण्ठको मूल अर्थतन्त्रको आधार कृषि पेशा कमजोर हुँदै गएको छ ।

अधिकांश जमीन मध्ये ३० प्रतिशत मात्र खाली छ । ती खाली जमीन पनि कृषि (खेती) भन्दा जग्गा खण्डीकरण र वस्तीविकासतर्फ अघि बढेको देखिन्छ । बूढानीलकण्ठमा केही संचालित साना मझौला घरेलु, उद्योग व्यवसाय पनि कच्चापदार्थ बाहिर जिल्ला वा विदेशबाट ल्याउनु पर्ने अवस्थामा छन् । ठुला उद्योग अहिलेसम्म खुलेनन्, अव सम्भावना छैन । अन्य कुनै रोजगारको सँगठित व्यवसाय छैन । तर बसोबास गर्ने र उपभोग गर्ने जनसंख्या धेरै छ । अव यस्तो चरित्र भएको हाम्रो स्थानीयतहमा कसरी आर्थिक उत्पादनका गतिविधि गर्ने ? नगरको आर्थिक विकासको मुख्य आधार कसरी तय गर्ने ठुलो र लामो छलफल पछि **"पर्यटन पूर्वाधार सम्वृद्धिको मुख्य आधार"** तय गरी सोही अनुसार नगरको नीति कार्यक्रम बनाउनु उपयुक्त देखी नीति अघि सारिएको छ ।

बूढानीलकण्ठ नगरपालिकाको झण्डै ४२ प्रतिशत भूभाग भिरालो, हरियाली, पारिलो, अग्लो, रमणीय क्षेत्र र आफैँ राजधानी शहरको भ्यू टावरको रुपमा रहेको छ । कृषि व्यवसाय नगरको निर्वाहमुखी आधार क्षेत्र पछि पर्यटन विकास प्रवर्धनबाट नै नगरको अर्थतन्त्र र रोजगारमा उन्नति गर्न सकिने देखिएकोले यसको गुरुयोजना बैज्ञानिक पूर्वाधार योजना निर्माण र क्रमशः अल्पकालीन र दीर्घकालीन योजना बनाई अघि वढ्ने लक्ष्य लिएको छ ।

"पर्यटन पूर्वाधार विकास समृद्धि र रोजगार" को निम्न आधार र कारण उल्लेख गरिएको छ ।

१. नगरका करीब ३० प्रतिशत खाली जमीन पर्यटन विकासका लागि उपयुक्त छन् ।

२. नगरको अर्थतन्त्रमा विकास गर्न सकिने घट्दै गएको कृषि क्षेत्र पछि अन्य कुनै भरपर्दो क्षेत्र नभएको । उद्योग कलखानाको विकासको सम्भावना नभएको ।

३. बर्षेनी धेरै मानिसहरु घुम्न आउने बूढानीलकण्ठ मन्दिर, शिबपुरी राष्ट्रिय निकुञ्ज र अन्य थुप्रै धार्मिक गुम्बाहरु रहेको ।

४. यस नगरमा ५० प्रतिशत भन्दा बढी मानिस ७७ जिल्ला र विदेशबाट समेत आई बसोवास भएको ।

५. होटेल रिर्सोटहरुको संख्या क्रमशः विकास र वृद्धि हुँदै गएकोले ।

६. राष्ट्रिय आवसीय विद्यालयको रुपमा बूढानीलकण्ठ स्कुल रहेकोले ।

७. धार्मिक तथा प्रकृति पर्यटन र साहसिक पर्यटन विकासको सम्भावना रहेकोले ।

८. पर्यटन विकास र प्रवर्धनको लागि जंगल, खोलानाला, सडक यातायातको पूर्वाधार समेत तयार भएकोले ।

तसर्थ , आगामी आ.ब. ०७७/०७८ को लागि पर्यटन पूर्वाधार विकास र प्रवर्धनको लागि निम्न नीति कार्यक्रम तय गरिएको छ ।

१. बूढानीलकण्ठ -५, डाँडागाउँबाट -चिसेनी -मुहान पोखरी -तौलुङ - तारेभिर - जगडोल पर्यटन पदमार्ग र उपयुक्त ठाउँमा साइकल मार्ग बनाउन DPR तयार गरिनेछ । यसको केही खण्डमा सडक बनाउन रकम व्यवस्था गरिने छ ।

२. चिसेनी पार्क निर्माणलाई प्रदेश सरकारको सहयोगमा निरन्तरता दिइने छ ।

३. बूढानीलकण्ठ मन्दिरको साविक पुरानो क्षेत्रमा आवश्यक निर्माण कार्य र सौन्दर्यकरणमा जोड दिइने छ । गुरुयोजना अनुसार थप जग्गा प्राप्तीको लागि नेपाल सरकारसँग अनुरोध गरी कार्यान्वयन गरिनेछ ।

४. नगरका मुख्य सडक र क्षेत्रहरुको सफाई, हरियाली वृद्धि र सौन्दर्यकरण सहित सडक बत्ती र सि.सि. क्यामेरा जडानमा जोड दिइनेछ ।

५. वागमतीको शिर वागद्वार क्षेत्र, विष्णुमती, रुद्रमती धोविखोला, कोरिडोर क्षेत्रको वातावरण विकास र सुधार एवं सौन्दर्यमा विशेष ध्यान दिइ कार्ययोजना बनाइनेछ ।

६. नगर क्षेत्रभित्र रहेका सामूदायिक बनक्षेत्रको बैज्ञानिक विकास प्रवर्धन साथै पर्या-पर्यटन पूर्वाधार र पर्यटन विकाससँग सम्बन्धित योजना प्रस्ताव बनाई अघि बढाइनेछ ।

७. पर्यटन प्रवर्द्धनसँग सम्बन्धित सम्भावना, उत्प्रेरणा, ज्ञान, सीप, तालिम सहित कृषि Oraganic र प्राकृतिक पर्यटनमा कार्य योजना वनाई बूढानीलकण्ठ पर्यटन वोर्डको लागि बजेट व्यवस्था गरिने छ ।

च नगरपालिकाको भू-उपयोग नीति सम्बन्धमाः

विकासका २ वटा आधार क्षेत्रहरु हुन्छन् ।

१. प्राप्त भूगोल र त्यसभित्र रहेका प्राकृतिक स्रोत र साधनहरुको समुचित उपयोग नीति र योजना ।

२. भूगोलको सीमा क्षेत्रमा रहेका जनसंख्याको तथ्याङ्क र त्यसको गुणात्मक क्षमता र चेतनास्तर । उपलब्ध भौगोलिक अवस्थाको सही उपयोग नीति निर्माण र कार्यान्वयनबाट समृद्धिको आधार तयार हुन्छ । जनसांख्यिक तथ्याङ्कको सही विश्लेषण, व्यवस्थापन र न्यायपूर्ण वितरण प्रणालीबाट सुख र खुसी प्रदान गर्न सकिन्छ ।

हाम्रो देशमा भूगोलको वैज्ञानिक विश्लेषण गरी समयमै भू उपयोग नीति बनाउन नसक्दा जमीनको सही र प्रभावकारी सदुपयोग हुन सकेको देखिदैन । तसर्थ, हाम्रो नगरपालिकामा पनि प्राप्त भूगोलको अवस्था र प्रकृति अनुसार भूउपयोग नीति बन्न सकेको छैन ।नगरको अधिकांश भूभाग परम्परागत अव्यवस्थित बसोबासले भरिने अवस्था देखिएको छ ।व्यवस्थित र आधुनिक शहरको न्युनतम पूर्वाधार पनि व्यवस्था छैन । यस्तो अवस्थामा बाँकी रहेको खाली क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, भिरालो क्षेत्र, खोला क्षेत्र, बस्तीको वरपर रहेका जमीनको सही प्रयोगबारे नगरबासीहरुसँग छलफल गरी नगरको भूउपयोग नीति बनाउन विद्यमान नेपालको भूमी ऐन, नियम, कानून, नियमावली र विज्ञ व्यक्तिहरुसँग छलफल अन्तरक्रिया गरी स्पष्ट र व्यवहारिक नीति कार्यक्रम बनाई सोहि अनुसार लागु गर्ने नीति लिइने छ ।

बूढानीलकण्ठ नगरपालिकाको ३५ वर्ग कि.मी. क्षेत्रफल मध्ये उत्तर पश्चिम डाँडा गाँउदेखि कपन सम्म उत्तरतर्फ हरियाली भिरालो भू भागमा रहेको व्यक्तिगत जग्गाको कसरी के प्रयोजनका लागि उपयोग गर्ने, सो क्षेत्रमा रहेको जंगल सरकारी जमीनको सही सदुपयोग र समृद्धीको साधक कसरी

बनाउने ? बिष्णुमति र धोबि खोला र अन्य खोला क्षेत्र वरपर रहेका बाँकी खाली नीजि जग्गालाई कसरी प्रयोग मापदण्ड बनाउने सम्बन्धमा नीति योजना बनाउन नसक्ने हो भने व्यवस्थित र सुन्दर शहरको योजना पुरा हुन सक्दैन ।

हाम्रो देशमा व्यक्तिगत भूमी अधिकार र प्रयोगमा स्वविवेकीय अधिकार बलियो छ ।सरकार वा संस्थागत रुपमा जमीनको व्यवस्थापन र उपयोग योजना निर्माण र कार्यान्वयन गर्दा सहज नहुने गर्दछ ।आधुनिक शहरीकरण योजना ढिला र सुस्त छ । तसर्थ, नगरका खाली भूभाग क्षेत्रका जग्गा धनीहरुबिच छलफल गरी ठोस निर्णय नीति र नियम बनाई अघि बढ्न नगरपलिकाले पहल कदमी लिनेछ । नगरले निर्माण गर्ने भवन निर्माण मापदण्ड, शहर र बस्तीविकास कार्यक्रम, सडक मापदण्ड, खानेपानी योजना, खाली जग्गाको उपयोग नीति, कृषि पकेट क्षेत्र, जग्गाको संरक्षण र उपयोग बारेमा ठोस योजना निर्माणमा सबै नगरबासीहरुको सकारात्मक सहयोग र सहभागिता हुने अपेक्षा गरिएको छ ।

छ.आन्तरिक राजस्व परिचालन र वृद्धि सम्बन्धमाः

१. नगरपालिकाको आन्तरिक स्रोतको दीगो व्यवस्थापनको लागि करको दायरा र क्षेत्र अभिवृद्धि विस्तार गर्ने नीति हुनेछ ।

२. करदाता शिक्षा र कर तिर्नुपर्ने नागरिक दायित्वलाई प्रभावकारी बनाउदै नगरका सबै खालका व्यवसायलाई करको दायरामा ल्याइने छ ।

३. नगर क्षेत्रमा रहेको भौगोलिक अवस्था र ढाँचामा विकृति र जोखिम बढ्ने खालका कुनै प्रकृतिजन्य उद्योग खानी खोल्न स्वीकृति दिइने छैन ।

४ संविधान, कानून प्रदत्त करका क्षेत्रलाई थप व्यवस्थित र प्रभावकारी बनाई वित्तीय सवलीकरण र आर्थिक स्थायित्व कायम गरिने छ ।

५. नगरभित्रबाट बाहिर जाने प्राकृतिक र खानी जन्य बस्तुहरु माटो, बालुवा ढुङ्गा, काठ जस्ता कवाडी निकासीलाई छिमेकी नगरपालिकासँग सहकार्य र समन्वय गरी राजस्व परिचालन व्यवस्थित गरिने छ ।

६. नगरपालिका भित्रको बहालकर नीति तय गरी बहालकरको दायरा र संकलनलाई प्रभावकारी बनाइने छ । Covid-19 को कारणबाट समस्यामा परेका नगरबासीहरुलाई बहालकर राहत योजना बनाइलागु गरिने छ ।

७. नागरिकहरुले नगरपालिकाबाट सम्पति सम्बन्धी सेवा सिफारिश लिन आउँदा अघिल्लो बर्षको कर चुक्ता गर्नुपर्ने नीति लिइने छ ।

८. कर चेतना, कर शिक्षालाई प्रभावकारी बनाउन विविध विधि र माध्यमबाट घर दैलो अभियान संचालन गरिने छ ।

९. नगर क्षेत्र भित्र संचालन गरिने कुनै पनि व्यवसाय दर्ता र बार्षिक नवीकरण गरी व्यवसाय कर संकलन गर्न कर संकलन टोली गठन र परिचालन गरिनेछ ।

१०. सबै खालका राजस्व संकलन सम्बन्धी लेखा प्रणालीलाई Online प्रणालीमा रुपान्तरण गर्ने र E-Payment प्रक्रिया परीक्षणको रुपमासुरु गरिने छ ।

११. कर दाताहरुको सूचीमा उत्कृष्ट र उच्च करदाता पहिचान गरी सार्वजनिक सम्मान गर्ने नीति लिइनेछ ।

ज. योजना मूल्याङ्कन तथा विविध क्षेत्र अनुगमन मूल्याङ्कन सम्बन्धमाः-

१. नगरपालिका स्थानीय सरकार भएकोले यहाँ गरिने सम्पूर्ण विकास निर्माण कार्य प्रति स्थानीय जनता, टोल समिति, संघसंस्था, वडा समिति सबैले आफ्नो क्षेत्रमा हुँदै गरेको विकास निर्माण योजना र कार्यक्रम प्रति चासो र सरोकार राख्न, स्वीकृत भएको प्राविधिक लागत अनुमान र गुणस्तर वारे सचेतना योजना वनाईनेछ ।

२. स्वीकृत योजनाहरुको समयमानै कार्यान्वयनको लागि खरीद योजना र कार्ययोजना तयार गरी लागु गरिनेछ । कामको प्रकृति, जनसहभागिता एवं बजेटको आकारको आधारमा उपयुक्त योजना कार्यान्वयन गरिनेछ ।

३. योजना कार्यान्वयनस्थलमा योजना विवरण र गरिने कामको परिमाण र गुणस्तर वारे जानकारी मूलक सूचना वोर्डको प्रभावकारी नयाँ नमूनाको व्यवस्था गरिने छ ।

४. केन्द्र र प्रदेश सरकारको बजेटबाट कार्यान्वयन हुने योजनाको स्थानीय सरोकार र अनुगमनको प्रभावकारीता वृद्धि गर्न न.पा.वाट प्राविधिक सुपरभिजनको व्यवस्था बनाइने छ ।

५. आफ्नो वडा क्षेत्रमा भएको योजनाहरुको अनुगमन, मूल्याङ्कन, सहजीकरणमा वडा प्रतिनिधि र प्राविधिकबाट अभिलेख र आवधिक प्रगति प्रतिवेदन गर्ने विधि प्रभावकारी वनाइने छ ।

६. सहलगानी र लागत सहभागिता जुट्ने योजनालाई प्राथमिकता दिइनेछ । लागत सहभागिता हुन नसक्ने तर उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउनु पर्ने कारण सहित उपभोक्ता र वडा समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरे मूताविक मात्र आंशिक वा पूरा छुट गर्न सक्ने नीति लिइने छ ।

७. योजना अनुगमन गर्दा तोकिएको ढाँचामा तयार भएको अनुसूची फारममा प्रगति परिमाण भरी रेकर्ड राख्ने विधि वनाइने छ ।

८. योजना सम्झौता, कार्यान्वयन, मूल्याङ्कन र प्रतिवेदन एवं भुक्तानी विधिलाई व्यवस्थित प्रभावकारी वनाइने छ ।

९ विगत आ.व. को पेश्की फछ्यौंट नगरेका उपभोक्ता समिति, व्यक्ति, निर्माण व्यवसायी, संघ संस्थालाई नयाँ थप योजना कार्यक्रम सम्झौता गर्न नदिने नीति लिइने छ ।

१०. महिला, दलित, अपाङ्ग, भौगोलिक रुपमा कठिन ठाँउमा गरिने योजना र विपन्न समूदायहरुले सञ्चालन गर्ने योजनामा ७% मात्र जनसहभागिता थप गर्ने नीति लिइने छ ।

११. रु. २५ लाख भन्दा माथिका योजना उपभोक्ता समितिवाट गर्नुपर्ने आवश्यकता देखिएमा कार्यपालिकावाट निर्णय अनुमोदन गराउनु पर्ने नीति लिइने छ ।

१२. नगरपालिका भित्रका योजना अनुगमन गर्दा तोकिएको प्राविधिकले तोकिएको प्रतिवेदन फर्म भरी संयोजकलाई वुझाउनु पर्ने व्यवस्था गरिनेछ ।

१३. नगरपालिका भित्रका वजारक्षेत्र, वातावरणक्षेत्र, शहरी समस्याहरु, विपद व्यवस्थापनवारे भैपरि आउने विविध नियन्त्रणका विषय र क्षेत्रका अनुगमनको लागी प्रभावकारी संयन्त्रको व्यवस्थापन र कार्यान्वयनमा जोड दिइने छ ।

१४. आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र वडा र नगरबाट सार्वजनिक सुनुवाई वा अन्तरक्रिया गर्ने नीति लिइने छ ।

१५. वजारमूल्य तयारी खाद्यवस्तुको गुणस्तर, औषधिजन्य जस्ता विषयमा ठिक/वेठिक मापदण्ड सम्बन्धी नीति वुझ्ने विशेषज्ञ विज्ञ व्यक्तिको अभावलाई पुरा गर्दै नापतौल तथा गुणस्तर विभागसँग सहकार्य गरी सेवा गुणस्तर वजार आपूर्ति र अनुगमन नियमन व्यवस्थामा सुधार गरिने छ ।

१६. नगरपालिका भित्र वनेका भौतिक संरचना सडक, पुल, सार्वजनिक सम्पत्तिहरुको संरक्षण मर्मत सम्भार र जवाफदेहिता किटान गरी टोल उपभोक्ता र नगरवासीहरु स्थानीय तह विचको सहकार्यमा सार्वजनिक भौतिक संरचनाको मर्मत सम्भार र संरक्षण नीति वनाई कोषको व्यवस्था गरिने छ ।

झ.बूढानीलकण्ठको लागि महत्वपूर्ण, आवश्यक प्राथमिकता प्राप्त (गौरवका) योजनाहरु प्रस्ताव सम्बन्धमाः-

नगरपालिका घोषणा भएको ५ वर्ष पूरा भएको छ । यसअघि भिन्न एकाईमा रहेका ६ गाविसहरुले आ-आफ्ना तहका योजनाहरु कार्यान्वयन गर्दै आइरहेका थिए । नगरपालिका घोषणा भएपछि साविकमा भएका संरचनाहरुवाट पुनः संरचित एकीकृत नगरपालिकाको आवश्यकता पुरा गर्न सक्ने थिएन । तसर्थ विषयगत क्षेत्रको आधारमा केही नगरस्तरीय महत्वपूर्ण गौरवको योजना मानी सोही अनुसार योजना निर्माण र बजेटको स्रोत व्यवस्था गरी अघि वढाउदै आएको छ । यस अघि नगरको महत्वपूर्ण योजना मानि ३ तहकै सरकारको स्रोतवाट कार्यान्वयन गर्दै आएको र गौरवको योजना घोषणा गरिएको थिएन । तसर्थ यस आ.व. देखि निम्न योजनाहरुलाई नगरको मुख्य गौरवको योजना मानी सोही अनुसार योजना र बजेट व्यवस्था गरी कार्यान्वयन गर्दै जाने नीति अघि सारिएको छ ।

१. ८ मीटर पक्की सडकको सञ्जालले प्रत्येक वडा कार्यालयसम्म जोड्ने ।

२. कपन हयाण्डवल मैदानलाई भूगोल र क्षेत्रफल अनुसार DPR तयार गरी वहुउद्देश्यीय stadium वनाउने ।

३. धोवीखोला करिडोर भद्रकाली मन्दिरसम्म दुवै किनारा पक्की हरियाली सहित पुरा गरी बूढानीलकण्ठ र धोवीढुङ्गासम्म track जोड्ने ।

४. प्रत्येक वडामा कम्तीमा २ वटा हरियाली पार्क निर्माण गर्ने ।

५. ३० हजार घरधुरीमा १ घर १ धारा पुऱ्याउने आधार व्यवस्था गर्ने ।

६. नगरपालिकाको मुख्य कार्यालय भवन सुविधा र प्रविधि सम्पन्न बनाउने ।

७. नगर अस्पताल भवन निर्माण गरी १५ वेडको सुविधा सम्पन्न सेवा संञ्चालन गर्ने ।

८. सुविधा सम्पन्न तरकारी थोक वजार स्थल निर्माण गरी संञ्चालन गर्ने ।

९. बूढानीलकण्ठ मन्दिरको सांविक क्षेत्रभित्र आवश्यक सुधार सहित सौन्दर्यकरण गर्दै ३० वर्ष अघिको गुरुयोजना कार्यान्वयनको लागी संघीय सरकारवाट बजेट सहित योजना स्वीकृत गरी कार्यान्वयन गर्ने ।

१०. बूढानीलकण्ठ वार्ड नं. ५ डाडागाउँदेखि विष्णुमती- चिसेनी-मुहानपोखरी-तौलुङ-तारेभीर जगडोल-कपन पर्यटन पदमार्ग र उचित ठाँउमा साइकल मार्ग वनाउने ।

११. बूढानीलकण्ठ नगरको उपयुक्त ठाँउमा जग्गा व्यवस्था गरी वसपार्क निर्माण गर्ने ।

१२. बूढानीलकण्ठमा सँग्रहालय र सिर्जना पार्क सहितसँगै वा उचित ठाँउमा अडिटोरियम हल निर्माणको लागि स्थानीय संघ संस्थासँग सहकार्यबाट पुरा गर्ने ।

१३. नगरको मुख्य सम्पदा क्षेत्र, भद्रकाली मन्दिर क्षेत्र, बंगलामुखी, सिद्धेश्वर मन्दिर क्षेत्र दुर्गा मन्दिर क्षेत्र, झण्डा पार्क क्षेत्रलाई व्यवस्थित विकास र सौन्दर्यकरणका लागि कार्ययोजना सहित निरन्तरता दिई कार्यान्वयन गर्ने ।

र अन्त्यमा,

५ वर्षे योजानबद्ध विकास गर्न आवधिक नगर विकास योजना २०७७/७८-२०८१/८२ तर्जुमा गरी प्रतिवेदन प्राप्त भैसकेको छ । योजना तर्जुमा गर्दा योजना अवधिमा प्राप्त हुने परिमाणात्मक लक्ष्य/नतिजा खाका सहित प्रस्तुत भएकोले आवधिक योजनासँग तालमेल गरी आ.व ०७७।७८ देखि नै लागु हुने गरी वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

बूढानीलकण्ठ नगरपालिकाको आ.व.०७७।०७८ को नीति कार्यक्रम र यसैसँग सम्बन्धित भएर विनियोजन विधेयक समेत तयार गरिएको छ । सम्पूर्ण विषयहरु समेट्न सकिएको छैन । कुनै अति आवश्यक र छुट भएको वा आवश्यक ठानेका सवै विषयवस्तुहरुमा नगरसभा सदस्यहरुको राय सल्लाह सुझाव समेत समेटी पुर्नलेखन गरी प्रस्तुत गरिएको छ ।

धन्यवाद


उद्धव प्रसाद खरेल
नगर प्रमुख
बूढानीलकण्ठ नगरपालिका



"स्वच्छ, शान्त, समृद्ध : पर्यटकीय नगर बूढानीलकण्ठ"



बूढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्य



बूढानीलकण्ठ नगरपालिका
काठमाण्डौ
बागमती प्रदेश, नेपाल
२०७७

प्रस्तुतकर्ताः रमादेवी राई
उपप्रमुख
बूढानीलकण्ठ नगरपालिका

“स्वच्छ, शान्त, समृद्धः पर्यटकीय नगर बूढानीलकण्ठ”

आ.व २०७७।०७८ को छैठौँ नगरसभामा प्रस्तुत “बिनियोजन विधेयक, २०७७”

नगरसभाका अध्यक्षज्यू,
नगरसभा सदस्यज्यूहरु,

बूढानीलकण्ठ नगरपालिकाको छैठौँ नगरसभाको गरिमामय सभा समक्ष आ.व २०७७।०७८ को लागि वार्षिक आय व्यय बिवरण सहित खर्चका विविध पक्षहरुमा नगर कार्यपालिकाबाट तयार गरिएको बिनियोजन बिधेयक २०७७।०७८ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बूढानीलकण्ठ नगरपालिकाले यस अघि ३ वटा बिनियोजन विधेयक पारित गरी कार्यान्वयन गरिसकेको छ । २०७१ मंसिर १६ गते स्थापना भएको नगरपालिकाको निर्वाचन अघिको सर्वदलीय समितिले तयार गरेको कार्यक्रम लागु गरी केही सँगठनात्मक तथा संरचनात्मक कार्य अघि बढाइएको थियो । २०७४ को निर्वाचन पश्चात असार १० गते पहिलो नीति, कार्यक्रम तथा बजेट प्रस्तुत भई आज छैठौँ नगरसभामा उपस्थित भएका छौँ । यस अवसरमा सम्पूर्ण नगरवासीहरुको समृद्धि र खुसीको लागि साधनश्रोतले भ्याएसम्म अधिकतम सदुपयोग गर्दै अघि बढ्ने सम्पूर्ण जनप्रतिनिधिहरुको तर्फबाट ईमान्दारीपूर्वक सामूहिक प्रतिवद्धता ब्यक्त गर्न चाहन्छु ।

चालु आ.व २०७६।०७७ को पारित बजेट कार्यक्रमबाट थुप्रै योजनाहरु कार्यान्वयन गरी नगर बिकासको गति अघि बढ्ने आशा गरेको भएतापनि फाल्गुणको अन्तदेखि बिश्वब्यापी महामारी कोभिड-१९ को कारण भएको लकडाउनको प्रभावबाट लक्ष्य अनुसार काम हुन सकेन । लकडाउन केही खुकुलो भए पछि असार महिनामा थुप्रै योजनाहरु कार्यान्वयनको चरणमा रहेका छन् । केही महत्वपूर्ण योजनाहरु टेण्डर प्रक्रिया भएका र आवश्यक केही योजनाहरु आगामी आ.व मा पनि समावेश गरिने छ ।

आ.व. २०७७।७८ को लागि अनुमानित आय र व्यय विवरण

आय			व्यय		
सि.नं.	बिवरण	रकम			
क.	**नगरपालिकाले खर्च गर्न सक्ने**		१	चालु खर्च	२६,५०,००,०००.००
१	आन्तरिक श्रोत	२६,२०,००,०००.००	२	वडा खर्च	२७,९५,००,०००.००
२	बाह्य अनुदान	२७,२१,७१,०००.००	३	नगरको बिशेष खर्त्र	३०,००,००,०००.००
३	राजश्व बाँडफाँड	७१,१९,६५,६९०.००	४	पूर्वाधार बिकास कार्यक्रम	२१,६५,००,०००.००
४	अन्य आय	१५,४६,९८,८१०.२९	५	सार्वजनिक जग्गा संरक्षण तथा पार्क निर्माण कार्यक्रम	१७,०५,००,०००.००
	जम्मा	**१,४०,०८,३५,५००.२९**	६	खानेपानी संरक्षण तथा व्यवस्थापन	३,००,००,०००.००
ख.	**सशर्त अनुदान**		७	बिभिन्न सडक मर्मतसम्भार योजना	३,५०,००,०००.००
१	केन्द्र सरकार सशर्त अनुदान	३०,१०,००,०००.००	८	अन्य विभिन्न निर्माण कार्यक्रम	२९,४०,००,०००.००
२	प्रदेश सरकार सशर्त अनुदान	**३,९८,२०,०००.००**	९	सामाजिक विकास कार्यक्रम	६,००,००,०००.००
३	गत् वर्षको अल्या	९३,३४,७६,४९९.७१	१०	शिक्षा विकास कार्यक्रम	७,३५,००,०००.००
	जम्मा	**१,२७,४२,९६,४९९.७१**	११	मानवीय बिकास कार्यक्रम	३,०५,००,०००.००
			१२	आर्थिक बिकास कार्यक्रम	१,७५,००,०००.००
			१३	पर्यटन पूर्वाधार बिकास कार्यक्रम	५,९५,००,०००.००
			१४	उद्यमशील रोजगार प्रवर्धन कार्यक्रम	२,७५,००,०००.००
			१५	वन, वातावरण तथा फोहोरमैला व्यवस्थापन कार्यक्रम	२,३०,००,०००.००
			१६	विपद व्यवस्थापन कार्यक्रम	५,९०,००,०००.००
			१७	कार्यालय सँगठन, संरचना, सुशासन तथा कर्मचारी व्यवस्थापन	३,२०,००,०००.००
			१८	गत् वर्षको सम्झौता भएका योजनाहरुको भुक्तानी	३२,८०,००,०००.००
			१९	नेपाल सरकार सशर्त अनुदान खर्च	३०,१०,००,०००.००
			२०	प्रदेश सरकार सशर्त अनुदान खर्च	३,९८,२०,०००.००
			२१	प्रदेश सरकार समपुरक तथा बिशेष अनुदान खर्च	३,३३,१२,०००.००
	कुल जम्मा	**२,६७,५१,३२,०००.००**		**कुल जम्मा**	**२,६७,५१,३२,०००.००**

अध्यक्ष महोदय,

आगामी आ.व मा आन्तरिक श्रोतबाट रु. २६,२०,००,०००।- (छब्बीस करोड बीस लाख) , बाह्य श्रोत संघ प्रदेशबाट निशर्त र सशर्त अनुदानबाट रु. ६४,६३,०३,०००।- (चौंसठ्ठी करोड त्रिसठ्ठी लाख तीन हजार) र मालपोत लगायत राजश्व बाँडफाँडबाट रु. ५६ करोड २१ लाख ३२ हजार र अन्य आयबाट १२,१३,८६,८१०।- (बाह्र करोड तेह्र लाख छयासी हजार आठ सय दश) र गत वर्षको अल्या ९३,३४,७६,४९९.७१ (त्रियानब्बे करोड चौंतीस लाख छयहत्तर हजार चार सय उनानसय रुपैयाँ एकहत्तर पैसा मात्र) गरी जम्मा रु. २ अर्ब ६७ करोड ५१ लाख ३२ हजार आय अनुमान गरिएको छ ।

त्यसैगरी आगामी आ.व को ब्यय अनुमानतर्फ चालु खर्चमा २६ करोड २५ लाख बिनियोजन गरिएको छ ।

प्रत्येक वडाबाट छनौट हुने वडास्तरका योजनाहरुको लागि प्रति वडा रु. २ करोड १५ हजारको दरले रु. २७ करोड ९५ लाख बिनियोजन गरिएको छ ।

संघ, प्रदेश र बिभिन्न संघसंस्थाहरुसँग सहकार्यमा गरिने समपुरक योजनामा ८ करोड बिनियोजन गरिएको छ । उपभोक्ताहरुसँग सहलगानीमा गरिने योजनाको लागि ५ करोड बिनियोजन गरिएको छ । चालु आ.व को थोरै समयमा करिब ३ करोड रकम जनताबाट लगानी गरिएको थियो । त्यसैगरी सामाजिक बिकास क्षेत्रमा शिक्षातर्फ सशर्त र आन्तरिक गरी करिव १८ करोड र स्वास्थ्यमा झण्डै १५ करोड भन्दा बढी बिनियोजन गरिएको छ । त्यस्तै सामाजिक बिकासतर्फ झण्डै ४ करोड बिनियोजन प्रस्ताव गरिएको छ ।

देशको आर्थिक बिकासतर्फ कृषि, पशु, उद्योग ब्यवसाय, रोजगार प्रवर्धन, पर्यटन बिकासका बिभिन्न शीर्षकतर्फ सशर्त र आन्तरिक खर्चबाट ५ करोड बिनियोजन प्रस्ताव गरेको छु ।

बन, बातावरण तथा फोहोरमैला र खानेपानी पूर्वाधार ब्यवस्थापनतर्फ ३ करोड १८ लाख र बिपद ब्यवस्थापन कोष र आपतकालीन खर्चमा रु. २ करोड ५० लाख प्रस्ताव गरेको छु ।

नगरको सँगठन, प्रशासनिक संरचना, सुशासन प्रविधी प्रयोगतर्फ र बिकासतर्फ २ करोड ५० लाख प्रस्ताव गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी बर्ष सुचीकृत बेरोजगारलाई १०० दिनको रोजगार उपलब्ध गराउन ५१ लाख ७० हजार सशर्त अनुदान मार्फत खर्च गरिने छ ।

नगरअस्पताल ठेक्का सम्झौता भईसकेको छ भने कपन ह्याण्डबल आ.व को सुरुमा नै टेण्डर आह्वान गर्ने तयारी गर्ने र केही महत्वपूर्ण सार्वजनिक जग्गा संरक्षणमा आवश्यक बजेट ब्यवस्था प्रस्ताव गरेको छु ।

अन्त्यमा, नगरपालिकाको छैठौँ नगरसभाका नीति कार्यक्रम सार्वजनिक भैसकेको र सो नीति कार्यक्रमलाई मार्ग निर्देशन मानी प्राप्त सीमित साधनश्रोत बजेटबाट सरकारी गैरसरकारी क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गर्दछौँ । उपलब्ध जनशक्ति, नीति, नियम, प्रक्रिया, सामाजिक अप्ठ्यारा, विवाद, बिद्यमान कोभिड १९ को समस्यासँग जुध्दै प्रस्तावित योजना कार्यान्वयन गर्न सबै जनप्रतिनिधिहरु, कर्मचारीहरु, राजनैतिक दलहरु साथै आम नागरिकहरुसँग हार्दिक अपिल गर्दछौँ ।

आज नगरसभामा प्रस्तुत आय ब्यय अनुसार मुख्य बिकास क्षेत्रको शीर्षकहरुमा बजेट प्रस्ताव गरिएको छ । नगरसभाका सदस्यज्यूहरुको छलफलबाट शीर्षक अन्तर्गत बिस्तृत बाँडफाँड पछि पारित गरी बजेट किताव प्रकाशित गरिने छ । सदस्य ज्यूहरुबाट महत्वपूर्ण छलफल र सुझावलाई समेटी प्रस्तुत गरिएको छ ।

धन्यवाद

रमा देवी राई
नगर उप-प्रमुख
२०७७।३।१९

बूढानीलकण्ठ नगरपालिकाको मिति २०७७ आषाढ १० गतेको बसेको छैठौ नगर सभाको बैठकमा पेश भई २०७७ आषाढ २६ गते सम्पन्न बैठकबाट पारित निर्णयहरुः

निर्णय नं. १

संलग्न अनुसूची- १ (क), (ख), (ग) र (घ) बमोजिमको गत आ.ब. २०७५/०७६ को यथार्थ, चालु आ.ब. २०७६/०७७ को संशोधित र आ.ब. २०७७/०७८ को अनुमानित **आय व्यय विवरण** स्वीकृत गर्ने ।

निर्णय नं. २

संलग्न अनुसूची २ बमोजिम बूढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा बनेका बिनियोजन ऐन-२०७७ स्वीकृत गर्ने ।

निर्णय नं. ३

संलग्न अनसूची-४ बमोजिम यस नगरपालिका क्षेत्रभित्र लागु हुने कर तथा गैरकरका दरहरु सहितको **आर्थिक विधेयक, २०७७** स्वीकृत गर्ने ।

निर्णय नं. ४

संलग्न अनसूची-२, ३(क) बमोजिम यस नगरपालिकाको आ.ब. २०७७/०७८ को अनुमानित आय व्यय अनुमान सहितको वार्षिक नगर विकास नीति, बजेट तथा कार्यक्रम (नगरस्तरीय, वडास्तरीय) र केन्द्र र प्रदेश सरकारमा परेका कार्यक्रा अनसूची ३(ख) सहितको **विनियोजन विधेयक, २०७७** स्वीकृत गर्ने ।

निर्णय नं. ५

आर्थिक बर्ष २०७६/०७७ मा नगर कार्यपालिका/नगर प्रमुख तथा कार्यालयबाट भए गरेका निर्णय एवं काम कारवाहीहरुलाई अनुमोदन गर्ने । संलग्न अनुसूची-५ बमोजिम तेश्रो नगर सभा पश्चात कार्यपालिकाको बैठकको निर्णयानुसार संशोधन गरी कार्यान्वयन भएका अनुसारका योजनाहरुलाई अनुमोदन गर्ने ।

निर्णय नं. ६

यस नगरपालिकामा चालु आ.व. २०७६/०७७ आषाढ मसान्तसम्म कार्यरत स्थायी, अस्थायी र ज्यालादारी कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने ।

निर्णय नं. ७

महालेखा परीक्षकको कार्यालयबाट सम्पन्न आ.ब. २०७५/०७६ को यस नगरपालिकाको आय ब्ययको अन्तिम लेखा परीक्षण प्रतिबेदनमा औल्याएका बेरुजुहरु लेखा

समितिको सुझाब अनुसार संपरीक्षण तथा फछ्र्यौटका प्रकृयाहरु अगाडि बढाउन आवश्यक निर्णयहरु गर्न कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. ८

नगर सभाले निर्णय गर्ने भनी प्रचलित कानूनमा किटान भएका विषय बाहेक नीति कार्यक्रम, योजना, बजेट मापदण्ड, बजेट संशोधन (थपघट) र अत्यावश्यक बाधा अड्काउ सम्वन्धी कार्यको लागि तत्काल नगर सभाको बैठक बस्न नसक्ने भएमा त्यस्ता निर्णयहरु गर्न सक्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. ९

नगरपालिकालाई स्वच्छ, सफा, हराभरा र फोहरमैलाको उचित व्यवस्थापन योजना सहित वातावरण मैत्री नगरपालिकाको रुपमा निर्माण गर्न सबै नगरवासीहरुलाई क्रियाशील रुपमा सहभागी गराउने नीति, कार्यविधि, कार्यक्रम निर्देशिका बनाइ स्वीकृत गरी नगर कार्यपालिकाद्वारा अभियानको रुपमा कार्यान्वयन गर्ने ।

निर्णय नं. १०

नगरपालिका अन्तर्गत आ.व. २०७७/०७८ लाई कर संकलन अभियान बर्षको रुपमा कार्यक्रम, कार्ययोजना र तालिका बनाई कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. ११

नगरपालिका क्षेत्रभित्र २०७२ साल अगाडि स्वीकृति लिई वा स्वीकृति नलिएर बस्ती विकास मापदण्ड २०७२ तथा यस कार्यालयको स्वीकृत मापदण्डभन्दा फरक गरी निर्माण गरिएका घर टहरा, भवन, पूर्वाधारको हालको मापदण्ड अनुसार बाटो, घाटो, सार्वजनिक स्थान पर्ने/नपर्ने एकिन गरी तोकिएको मापदण्डभित्र रहेर कैफियत जनाई अभिलेखिकरण गर्न दण्ड जरिवाना तोकी पुनः आव्हान गर्ने अधिकार कार्यपालिकालाई दिने । साथै हालसम्म नगर कार्यपालिकाको विभिन्न मितिको निर्णय बमोजिम नियमानुसार अभिलेखिकरण गरिएको कार्यलाई अनुमोदन गर्ने ।

निर्णय नं. १२

नगरपालिका, वडा र मातहतका कार्यालयहरुबाट भए गरेका कार्यको प्रगति विवरण समेटी बार्षिक प्रतिवेदन प्रकाशित गर्ने ।

निर्णय नं. १३

नगरपालिका क्षेत्रभित्रका तपशीलका योजनाहरु नगर, प्रदेश र संघको सहयोगमा बहुवर्षीय (क्रमागत) योजनाको रुपमा बजेट उपलब्धता अनुसार क्रमशः कार्यान्वयन गर्दै जाने ।

१. साप्रेढुङ्गा-राममन्दिर सडक-वडा नं. ११

२. हेपाली-डठुगाँउ-खड्का गाँउ-पासीकोट ६ मीटर सडक-वडा नं. ६ र ७

३. बिभिन्न वडाहरुमा पार्क निर्माण

४. जेष्ठ नागरिक पार्क- वडा नं. २

५. सिद्धेश्वर मन्दिर निर्माण- वडा नं. १०

६. कपन ह्याण्डबल पूर्वाधार विकास- वडा नं. १०

७. बूढानीलकण्ठ मन्दिर क्षेत्र विकास गुरुयोजना- वडा नं. ३

८. जग्गाको समस्या समाधान गरेर धनेश्वर फुटवल मैदान निर्माण योजना- वडा नं. ४

९. रुद्रमती मार्ग- वडा नं. ८

१०. शैलुङ्गेश्वरी मार्ग- वडा नं. ११

११. चिहाने खोला कोरिडोर- वडा नं. १३

१२. नगरपालिका भवन परिसर निर्माण

१३. चिसेनी पार्क निर्माण

१४. नगर अस्पताल निर्माण

१५. लुँडेखोला कोरिडोर निर्माण

१६.च्याखुन्चा खोलाको कारण हुने डुवान नियन्त्रण योजना (विशेषज्ञ प्राविधिकबाट समस्याको दिगो समाधानको लागि DPR बनाई बजेट व्यवस्थासहित कार्यान्वयन गरिने छ ।)

निर्णय नं. १४

नगरपालिका भित्र अत्यावश्यक भई कार्यान्वयन गर्नु पर्ने अवस्थामा पछि नगर कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरी विनियोजित बजेटको सीमाभित्र रहेर नगर प्रमुख र उप प्रमुखले उपयुक्त र प्रभावकारी योजना कार्यान्वयन गर्न सिफारिस गर्न सक्ने ।

निर्णय नं. १५

यस नगरपालिका भित्रका तपशील अनुसारको सडकलाई नगर चक्रपथको रुपमा विकास गरी सडक पूर्वाधारलाई यथाशीघ्र प्राथमिकताका साथ निर्माण कार्य गर्न सडक निर्माणसँग सम्बन्धित कार्यालयसँग समन्वय र पहल गर्दै, निर्माण कार्य गर्न ठेक्का पाएका निर्माण व्यवसायीहरुलाई ताकेता गर्ने ।

१. बूढानीलकण्ठ नगर चक्रपथ निर्माण (गोल्फुटार – कुमारीथान मन्दिर – आकाशेधारा कृष्ण मन्दिर – पैयाटार सहिद पार्क – जगडोल – कौडोल – गाम्चा – चपली – बूढानीलकण्ठ – चण्डेश्वरी– टोखा – च्यासीन्डोल – गोल्फुटार) ।

२. गोल्फुटार – साप्रेढुङ्गा – आकाशेधारा साततले – आनिगुम्वा – कपनगुम्वा – चुनिखेल – चपली गोल्फुटार (पुन)

३. चपली घुम्ती–पासीकोट–चण्डेश्वरी सडक ८ मिटर विस्तार (निर्माणाधीन)

४. हात्तीगौडा–विष्णुमती सडक ८ मिटर (निर्माणाधीन) पुरा गर्नुपर्ने (निर्माणाधीन)

५. गोल्फुटार–हेपाली–विष्णुमती करिडोर सडक विस्तार (निर्माणाधिन) पुरा गर्नुपर्ने(निर्माणाधीन)

६. गणेश स्कुल–लुडेखोला करिडोर–विष्णुमती करिडोर सडक ६ मिटर

७. धोवीखोला कोरिडोर

८. विष्णुमति कोरिडोर

९. आकाशेधारा-शंकरेडाँडा सडक

१०. शिव मन्दिर शहिद पार्क सडक

११. आकाशेधारा-राम मन्दिर सडक

१२. गोल्फुटार-हेपाली-च्यासिन्डोल-टोखा सडक

निर्णय नं. १६

यस नगरपालिका भित्रका विद्यालयहरुको शिक्षालाई व्यवसायिक, जीवनोपयोगी र स्वावलम्वी बनाउन विद्यालयहरु बीच आपसी सहयोग र समन्वयमा सामुहिक योजना निर्माण गरी उपयुक्त कार्ययोजना, कार्यविधि, निर्देशिका र स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. १७

यस नगरपालिकाको सबै वडाले कम्तिमा २/२ वटा ठूला पार्क निर्माण गर्न उपलब्ध उपयुक्त जग्गा तय गरी आवश्यक विस्तृत परियोजना प्रतिवेदन (DPR)तयार गरी स्थानीय संघ, संस्था वा नगरपालिकाको सहयोगमा कार्यान्वयन गर्ने कार्यक्रम बनाउन वडा समितिहरुलाई सहजीकरण सहित निर्देशन दिने ।

निर्णय नं. १८

नगर अस्पताल निर्माणको लागि टेण्डर भैसकेकोले यस आ.व २०७७।०७८ मा भवन तयार गरी सम्वन्धित स्वास्थ्य संस्थासँग समन्वय र सहयोगको पहल गरी आगामी आर्थिक वर्षभित्र नगर अस्पताल सञ्चालन सुरुवात गर्न नगर कार्यपालिका र स्वास्थ्य शाखालाई निर्देशन दिने ।

निर्णय नं. १९

यस नगरपालिका भित्र एक प्राविधिक शिक्षालय स्थापनाको लागि सम्वन्धित संस्था, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) एवं राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ, संस्थाहरुसँग प्रस्ताव सहित पहल गरी जग्गा खोजी र पहिचान सहित घेराबार गर्ने व्यवस्था मिलाउन कार्यपालिका र शिक्षा शाखालाई जिम्मेवारी दिने ।

निर्णय नं. २०

यस न.पा. भित्र रहेका सडकहरु, खोला, नदी र मुख्य पूर्वाधारहरुको सूची तयार गरी तिनीहरुको मापदण्ड र अवस्थाबारे कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्न कार्यपालिका मार्फत भौतिक पूर्वाधार विकास र विधेयक समितिलाई निर्देशन दिने । साथै नगरपालिकाको नगर यातायात गुरु योजना (MTMP) परामर्शदाताको सहयोगमा यथाशक्य छिटो तयार गरी नगरको आवश्यकता र परिस्थिती अनुसार परिमार्जन सहित स्वीकृत गरी कार्यान्वयनमा लैजाने ।

निर्णय नं. २१

यस बूढानीलकण्ठ नगरपालिका भित्र रहेको खानेपानी समस्या समाधानको लागि हालसम्म भएका पूर्वाधारहरुको लगत संकलन गरी आगामी दिनमा एक घर एक धारा पुऱ्याउन कार्ययोजना र कार्यविधि निर्माण गरी अन्य संघ संस्थाहरुसँग साझेदारीमा उल्लेखित योजनाहरुको समन्वय र व्यवस्थापन सहित खानेपानीको गुरुयोजना निर्माण गरी थप नयाँ योजना सुरुवात गरी तीन वर्षभित्र खानेपानीको समस्या समाधान गर्ने कार्यक्रम बनाई कार्यान्वयन गर्ने । मेलम्चीको पानी बितरण संरचना निर्माण गर्ने कार्यलाई ठिक समयमा सम्पन्न गरी आवश्यक संयन्त्र सहित पहल गर्न कार्यपालिकालाई अधिकार दिने ।

निर्णय नं. २२

यस नगरपालिकाको बस्ती विस्तार हुन बाँकी रहेको वडा नं. ४, ६ र १३ का खाली क्षेत्रमा व्यवस्थित आवास योजनाको अवधारणा तयार गरी व्यवस्थित नगरपालिकाको निर्माण कार्य प्रारम्भ गर्न Covid-19 का कारणले ढिलाई भएकोमा DPR निर्माण कार्यलाई यथाशक्य छिटो कार्यान्वयन गर्न आवश्यक कार्ययोजना तयार गर्ने ।

निर्णय नं. २३

यस नगरपालिका क्षेत्रको अत्यन्त व्यस्त र आवश्यक ठाँउ छनौट गरी कम्तिमा ३ वटासम्म सार्वजनिक शौचालय नगरपालिकाको आफ्नै खर्चमा निर्माण गर्न उपयुक्त साझेदार संस्था वा लगानीकर्ताको सहकार्यमा निर्माण प्रक्रिया अघि बढाउने ।

निर्णय नं. २४

यस नगरपालिकाबाट विगत वर्षहरुदेखि नै लक्षित वर्ग (महिला, बालबालिका, आदिवासी, जनजाती, दलित, ज्येष्ठ नागरिक, दृष्टिविहीन, अशक्त अपाङ्ग (फरक क्षमता) लगायतका क्षेत्रमा बजेटको महत्वपूर्ण अंश खर्च गर्दै आएकोमा आवश्यकता अनुसार आ.ब. २०७७/०७८ मा समेत यस्ता कार्यक्रमलाई प्राथमिकताका साथ नगरपालिकाको तर्फबाट योजना बनाई कार्यान्वयन गर्ने । नगर भित्र रहेका फरक क्षमता भएका व्यक्तिहरु (अशक्त/अपाङ्ग) को तथ्याङ्क अद्यावधिक भईसकेकोमा लक्षित बर्गको कार्यक्रम कार्यान्वयन विधी तयार गरी मितव्ययी र प्रभावकारी बनाउने ।

निर्णय नं. २५

यस नगरपालिका भित्रका सामूदायिक, गुठी तथा धार्मिक विद्यालयहरुलाई सो बिद्यालयको प्रस्तावको आधारमा निर्णय गरी सञ्चालन/विकास अनुदान दिने अधिकार कार्यपालिकालाई दिने । सार्वजनिक र गुठी बिद्यालयहरु आपसमा सहकार्य गर्न र आवश्यक परे मर्ज गरी संचालन गर्ने कार्यविधि बनाई कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार दिने । Covid-19का कारण नियमित रुपमा बिद्यालय संचालन कार्यलाई परिस्थिति र प्रविधीको अधिकतम सदुपयोग गरी शैक्षिक शत्र सुचारु गर्न सहयोग र सहजीकरण गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. २६

आ.व.०७७।०७८ मा बिनियोजित योजना कार्यान्वयन गर्दा कुनै महत्वपूर्ण योजनामा बढिमा १०% देखि २०%सम्म थप गर्दा कार्य सम्पन्न हुने र अर्को वर्ष बजेट आवश्यक नपर्ने अवस्था भएमा वडा समितिबाट निर्णय गराई सुरुमा लागत अनुमान गर्दा नै एकै पटक गरेर सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।

निर्णय नं. २७

२०७२ सालको भुकम्पबाट पूर्ण क्षति भएका भूकम्प पिडित लाभग्राही छनौट र निर्णय गर्न केही कार्य अझै बाँकी रहेको देखिन आएको हुँदा आ.व. २०७७/०७८ मा समेत यस कार्यलाई निरन्तरता दिन राष्ट्रिय पुननिर्माण प्राधिकरणलाई अनुरोध गर्ने । भूकम्पपिडितहरुको घर निर्माण गर्न केही जग्गाधनी पुर्जा नभएका तर अन्यत्र जमीन भएको ठहर भएमा सर्जमिन गरी नक्शा स्वीकृत गर्न नगर कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. २८

यस बूढानीलकण्ठ नगरपालिकाको स्वीकृति बेगर नगरपालिका भित्र आगामी आ.व २०७७/०७८ श्रावणदेखि निकासी करका लागि ठेक्का नलागेसम्म बालुवा, ढुङ्गा, माटो एक ठाँउबाट अर्को ठाँउमा ढुवानी/ओसार पसार गर्न पाईने छैन । उक्त कार्य भए गरेमा कानून बमोजिम तत्काल कारवाही गर्न नगर कार्यपालिकालाई निर्देशन दिने । साथै IEE स्वीकृत

भएका क्षेत्रहरु बाहेक र घडेरी सम्याउँदा निस्केका माटो/बालुवा ईत्यादिको सम्बन्धमा निर्णय गर्ने अधिकार नगर कार्यपालिकालाई दिने ।

निर्णय नं. २९

यस बूढानीलकण्ठ नगरपालिकामा स्वास्थ्य मन्त्रालय, शहरी स्वास्थ्य प्रवर्धन केन्द्रको कार्यक्रमको दरबन्दी सहित बजेट निकासा हुँदै आएकोमा यस बर्षको स्वास्थ्य क्षेत्रको बजेट कार्यक्रममा छुट भएको हुँदा कार्यक्रमलाई निरन्तरता दिन चालु आ.व मा नगरपालिकाको आन्तरिक श्रोतवाट बजेट व्यवस्थापन गरी उक्त कार्यक्रममा कार्यरत कर्मचारीहरुको करार सम्झौताको म्याद थप गर्ने अधिकार कार्यपालिकालाई दिने ।

निर्णय नं. ३०

यस नगरपालिकामा अवस्थित शिवपुरी राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्र विकास समितिसँग मिलेर स्थानीय नगरबासीहरुको ईच्छा र आवश्कतानुसार बन्न सक्ने केवलकार, भ्यू टावर, सभाहल, इको पार्क र पर्यापर्यटन जस्ता समृद्धिका महत्वपूर्ण योजनाहरु उद्योगपति, व्यवसायी, पर्यटन क्षेत्रको साथै छिमेकी नगरपालिका र स्थानीय नगरबासीहरुको साझेदारी संस्थासँग समेत संयुक्त शेयर लगानीमा अघि बढाउन आवश्यक प्रक्रिया अगाडि बढाउने । स्थानीय सामूदायिक बन क्षेत्रलाई बनको गुणस्तर बृद्धि गर्दै समृद्धिको वाधक होईन साधक बनाउन सहकार्य गर्ने ।

निर्णय नं. ३१

बूढानीलकण्ठ नगरपालिका भित्र रहेका धनेश्वर फुटवल मैदान, कपन ह्याण्डबल पूर्वाधार विकास, सुवर्णशमशेर क्रिकेट मैदान, मार्क्सीय गुरुकुलले लिज प्राप्त गरेका सार्वजनिक जग्गा व्यवस्थापन र पूर्वाधार निर्माण, झण्डापार्क क्षेत्र विकास, जगडोल कौडोल पर्यटकीय विकास योजना, चुनिखेल नमुना शहर योजना, बूढानीलकण्ठ मन्दिर क्षेत्र विकास, धोविखोला र विष्णुमती करीडोर निर्माण, वातावरणमैत्री ECO Park निर्माण, शिवपुरी क्षेत्र पर्यटकीय पूर्वाधार विकास योजना, नगरपालिकाको प्रशासनिक भवन परिसर जस्तो पूर्वाधार योजनालाई महत्वपूर्ण प्राथमिकताको योजनाको रुपमा स्वीकृत गरी प्रदेश सरकार, संघीय सरकार एवं अन्तर्राष्ट्रिय गैर सरकारी दातृ संस्थाको सहयोगमा बजेट व्यवस्थापन गरेर क्रमशः अघि बढाउने ।

निर्णय नं. ३२

यस नगरपालिकाको कार्यबोझ, कार्य प्रकृति र आवश्यकताको आधारमा तयार भएको आवश्यक सँगठन संरचना र दरबन्दी सम्बन्धी विस्तृत रुपमा सँगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) बाट प्राप्त प्रतिवेदनको आधारमा सँगठन संरचना र दरबन्दी कायम गर्ने ।

निर्णय नं. ३३

यस नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा विकास गरी बालमैत्री नगर घोषणा गर्न कार्यकम बनाई कार्यान्वयन गर्ने, साथै उक्त कार्यको लागि सवै वडाहरुलाई समेटेर नगर बाल क्लव र समूह गठन गरी नगरस्तरीय बाल सम्मेलन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने । बिद्यालय ब्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधि सहभागी सुनिश्चित गराउने ब्यवस्था गर्ने ।

निर्णय नं. ३४

नगरपालिका कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदनलाई अध्ययन गरी प्रचलित कानुन बमोजिम लिलाम, बिक्री तथा मिनाहा गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने । वार्षिक खरिद योजना तयार गरी सस्तो एवं गुणस्तरीय सामग्री खरिदको योजना बनाउन कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. ३५

यस नगरपालिकाको स्वीकृत बजेट कार्यान्वयन गर्दा कट्टी भएको कन्टेन्जेन्सी रकमबाट विकास योजना तथा कार्यक्रमको अनुगमन, दैनिक भ्रमण भत्ता खर्च, सवारी साधन भाडा तथा खरिद, फर्निचर, मेशिनरी औजार खरिद, कार्यालय सामान तथा आवश्यकता अनुसार विविध खर्च समेत गर्न सकिने ।

निर्णय नं. ३६

घर जग्गा/नक्सापास सम्बन्धमा बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ (प्रथम संशोधन सहित) र सो मा भएको पछिल्लो संशोधनमा भएका व्यवस्थालाई आधार मान्दै यस नगरपालिकाबाट तयार गरिने भवन निर्माण मापदण्ड (Building Bylaws) सम्वन्धी कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउन कार्यपालिकालाई अधिकार दिने ।

निर्णय नं. ३७

यस नगरपालिकाको देहायका कोषहरुमा राखिएको रकमको परिचालनको लागि आवश्यकतानुसार कोष सञ्चालन कार्यविधि बनाई निर्णय गरी कार्यान्वयन गर्न कार्यपालिकालाई निर्देशन दिने ।

क) विपद व्यवस्थापन कोष

ख) मर्मत संभार कोष

ग) कर्मचारी कल्याण कोष

घ) वातावरण तथा फोहोरमैला व्यवस्थापन कोष

ङ) जगेडा कोष

निर्णय नं. ३८

यस नगरपालिकाबाट वा नगरपालिकाको स्वीकृत बजेटबाट संचालन हुने तालिम/कार्यक्रम संचालन गर्दा गरिने विविध खर्च सम्वन्धमा नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृत दररेट मापदण्ड स्थानीय अवस्था र उपयुक्तताको आधारमा दररेट तथा मापदण्ड तयार गरी संचालन गर्न कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. ३९

नगर सभावाट स्वीकृत बजेट तथा कार्यक्रमहरु संघ, प्रदेश वा नगरपालिकाको आन्तरिक राजस्व तथा राजस्व बाँडफाँडबाट प्राप्त हुन सक्ने थप स्रोत साधनहरुको आधारमा आवश्यकतानुसार कार्यपालिकाको बैठकबाट निर्णय गरी बजेट कार्यक्रम तथा योजनाहरु आवश्यकता र उपयुक्तताको आधारमा थपघट गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. ४०

नगरपालिकामा आर्थिक सहायता, सानातिना अनुदान, चन्दा आदि एक पटकमा रु २५,०००।- सम्मको रकम दिने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने । उपचार सहयोग, बिज्ञापन सहयोग तथा खेलकूद सहयोग सम्बन्धी सहयोग बितरण कार्यविधि बनाई लागु गर्न नगर कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. ४१

नगर सभाबाट गठित लेखा समिति, विधायन समिति, सुशासन तथा संस्थागत विकास समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, आर्थिक विकास समिति र वन, वातावरण तथा विपद व्यवस्थापन समितिलाई निरन्तरता दिने । कुनै कारणले समितिमा पदाधिकारी परिवतर्न गर्नु परेमा वा आवश्यकता अनुसार थप समिति गठन गर्नु परेमा वा जिम्मेवारी दोहोरो भई फेरबदलको माग भएमा नियमानुसार फेरबदल गर्न सक्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. ४२

संघ तथा प्रदेश सरकारबाट प्राप्त भएका सशर्त अनुदानतर्फको चालु तथा पुँजीगत कार्यक्रमहरुको आम्दानी र खर्चलाई अनुमोदन गर्ने । साथै वार्षिक प्रगति विवरण तयार गरी सम्वन्धित निकायमा पठाउने । सशर्त अनुदान बापत प्राप्त रकमबाट Covid-19 को कारण तोकिएको कार्यक्रमको सट्टा परिस्थितिजन्य र अत्यावश्यक भएको खर्चमा समावेश गरी प्रतिवेदन सहित जानकारी गराउने ।

निर्णय नं. ४३

विभिन्न विकास योजना तथा कार्यक्रमहरुमा आकस्मिक रुपमा अत्यावश्यक र भैपरि आउने खर्च गर्नका लागि आगामी आ.व. का लागि नगरप्रमुख र उपप्रमुखले सिफारिस गरी योजना छनौट र कार्यान्वयन गर्न रु. ३ करोड विनियोजन गर्ने ।

निर्णय नं. ४४

नगर सभाबाट प्रत्येक वडालाई विनियोजन गरिएको रु. ७ लाखबाट विपद व्यवस्थापनसँग सम्वन्धित अत्यावश्यक कार्य तथा भैपरि आउने विकास निर्माण सम्बन्धी योजनाको बजेट वडा समितिबाट स्वीकृत गरी तोकिएको कार्यविधि अनुसार नगरपालिकामा सम्झौताका लागि पठाउने ।

निर्णय नं. ४५

उपभोक्ता समितिबाट निर्माण कार्य गराउन देहाय बमोजिमको श्रमदान/नगद व्यहोर्नु पर्ने व्यवस्था गर्ने:

क) पिच, ग्रावेल, ढल, मेसिनरी वाल तथा सवै किसिमको सडक/बाटोमा - १५ प्रतिशत

ख) अन्य बाँकी निर्माण कार्य सवैमा - १० प्रतिशत

ग) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग, दलित, दृष्टिविहीन, विपन्न वर्गका र शिक्षा तथा स्वास्थ्य कार्यक्रममा - ५ प्रतिशत ।

तर, कुनै योजनामा जनसहभागिता उठ्न नसक्ने बिशेष अवस्था भएको, सामग्री ढुवानी गर्नु पर्ने, गाह्रो ठाउँ भएको, योजना कार्यान्वयन अवस्था जटिल भएको भनी उपभोक्ता समिति र सम्वन्धित वडाबाट सिफारिस भएको अवस्थामा जनसहभागिता कम गर्ने वा छुट गर्ने अधिकार नगर प्रमुखलाई दिने ।

निर्णय नं. ४६

